www.csrcnepal.org

# भूमि अधिकार

वर्ष १५ | पूर्णाङ्क ४८ | पुस २०७४



भूमिमा महिला अधिकार : अवसर, चुनौती र आगामी कदम

किसानका लागि चुनावको अर्थ

## जग्गा नभई घर कहाँ बनाउने ?

# भूमि अधिकार

वर्ष १५ | पूर्णाङ्क ४८ | पुस २०७४

अबको काम...४

भूमिमा महिला अधिकार
अवसर, चुनौती र आगामी कदम...५

जग्गा नभई घर कहाँ बनाउने ?...८

किसानका लागि चुनावको अर्थ...१०

भुइयाँ पढ्दै गर्दा...१२

महिला किसान र जलवायु अनुकूलित खेती ...१३

म्यानमार भ्रमण केही सिकाइ...१४

फिलिपिन्सका सोरो सहकारी...१६

सामूहिक स्वामित्वमा
निजी जमिन...१७

चारघरेबाट फर्केर...१८

भूकम्प प्रभावित क्षेत्रको भ्रमण...१९

एकीकृत बस्ती सुरू...२२

गाउँ हडप्न खोज्ने मुखिया...२४

सङ्कटमा कृषि भूमि...२५

जग्गा दर्ता अभियान र मञ्चको प्रयास ...२७





CSRC
आत्मनिर्भर केन्द्र

प्रकाशक :
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)
पोस्ट बक्स नम्बर : १९७९०, भूमिघर, टोखा-७, काठमाडौं, नेपाल
फोन : ९७७-१-४३६०४८६, फ्याक्स : ९७७-१-४३५७०३३
इमेल : landrights@csrcnepal.org, वेभसाइट : www.csrcnepal.org

**ग्राफिक डिजाइन :**
बिक्रम चन्द्र मजुमदार । bmajumdar33@gmail.com

**कभर फोटो :** संयुक्त पूर्जा बनाएका महोत्तरी लक्ष्मिनियाँका भोगेन्द्र महरा र श्रीमती फूल बदनदेवी महरा ।

# अबको काम

मुलुकमा लामो समयदेखि हुन नसकेको निर्वाचन सम्पन्न भएको छ। भाग्यवश, स्थिर सरकार बन्ने जनचाहना पूरा हुने करिब करिब पक्का छ। यसबाट आश गर्न सकिन्छ कि अब मुलुक सङ्क्रमण काल पार गरेर विकास र निर्माणमार्फत नयाँ नेपाल सिर्जना गर्ने यात्रामा लम्कनेछ। अनि मुलुकमा गरिब, असहाय, सीमान्तकृत र भूमि अधिकारबाट वञ्चितले सुखका दिन देख्न पाउने आशा पनि स्वाभाविक हुन आउँछ।

तर यति हुँदाहुँदै पनि अर्थात मुलुक स्थिरताको गन्तव्यतर्फ लम्क्यो भने पनि भूमि अधिकारबाट वञ्चितका समस्या भने समाधान नहुन सक्छन्। किनकि यस्ता समस्या राज्यको प्राथमिकतामा परेको न इतिहास छ न वर्तमानमै पनि पर्ने कुनै ज्वलन्त आधार छ। त्यसैले आगामी दिनमा भूमि अधिकारबाट वञ्चितहरूको झनै ठूलो कर्तव्य खड्किएको छ। आखिर अरूबाट आश गर्ने तथा लिनुपर्ने अवस्थामा रहेकाले आफूले गर्नुपर्ने काम पनि त इमानदारीसाथ गर्नैपर्छ नि।


सर्वप्रथम सरकारले गति लिन थालेपछि राष्ट्रिय भूमि अधिकार मञ्च र यसका समर्थक/सहयोगीको समूहले सरकारसँग आफूले वर्षौंदेखि उठाउँदै आएका भूमिसँग सम्बन्धित मागबारे ध्यानाकर्षण गराउनु उचित हुनेछ। समय र परिस्थितिले माग गरेमा विभिन्न कालखण्डमा उनीहरूले सरकार तथा दलको जिम्मेवार पदमा बसेर व्यक्त गरेका प्रतिबद्धता अनि कबुल गरिएका सहमति पनि सम्झाउनु सान्दर्भिक हुनेछ। त्यस्ता सहमति भएको समय, उनीहरूले गरेका प्रयास अर्थात सहमतिपछि बिर्सिएको अवस्था पनि विनम्रपूर्वक सम्झाउन सक्यो भने त्यसले पनि उनीहरूलाई झक्झक्याउन उत्तोलकको काम गर्न सक्छ।

यस्तो अवस्थाले एकातिर उनीहरूलाई समस्या सूची नवीकरण गराउनेछ भने अर्कोतिर आफैँ गरेका प्रतिबद्धता कार्यान्वयन गर्न नैतिक दबाब सिर्जना हुनेछ। यतिमात्र हैन, समस्या अवगतको पुनर्ताजगीले बिर्सिसकेका वा महत्वपूर्ण नठानिएका विषयमा पनि सोच्न बाध्य पार्नेछ। खासगरी सत्तामा रहने दलका नेताहरू यसबाट अर्थात आफैँले गरेका वाचाबाट विचलित हुन पाउने छैनन्। यो नैतिक बन्धनको फाइदा भने भूमि अधिकारबाट वञ्चितले उठाउने सम्भावना रहन्छ। त्यसैले आफ्ना गतिविधि र सक्रियतालाई सुस्त हुन नदिई चलायमान बनाउन पनि मञ्चका खासगरी पदाधिकारीले ढिलासुस्ती गर्नुहुँदैन।

तर यसो गर्दा भूमि अधिकार मञ्चका पदाधिकारीले दरिलो तयारी गर्नु भने आवश्यक हुन्छ। भनाइको मतलव समस्या के के हुन्, तीमध्ये पनि प्राथमिकतामा कुन कुन र किन छन्, के गरेमा यी समस्या समाधान हुन्छन् र यी समस्या समाधान गर्नैपर्ने कारण के हो, अनि पहिले पहिले भएका आन्दोलनका प्रतिफलस्वरूप प्राप्त व्यवस्थाहरूले भित्र्याएका खुस खबर के हुन् भन्ने जस्ता जानकारी भूमि अधिकार अगुवासँग हुनैपर्छ। त्यतिमात्र पनि हैन, समाधान सूत्रसमेत पस्कन सक्यो भने समस्याले डाँडो काट्ने मिति नजिकिन्छ। यति भयो भने जिम्मेवार पदाधिकारी कन्भिन्स हुन्छन् र समस्या समाधानका लागि अग्रसर हुनैपर्ने बाध्यात्मकअवस्था सिर्जना हुनेछ।

त्यसैले सूचनालाई पनि महत्वपूर्ण शक्तिका रूपमा अङ्गाल्दै सरकार तथा दलका जिम्मेवार पदाधिकारीलाई कन्भिन्स गर्न सकियो भने उनीहरूसँग दूरी बढाएर हैन, सहकार्य गरेर नै भूमिसँग जोडिएका समस्या समाधान गर्न सकिन्छ। यसरी आमनेसामने बसेर छलफल गर्दा उनीहरूमाझ छरिएका भ्रम पनि चिरिन सक्छन्। जसले धमिलो वातावरणलाई सङ्ल्याएर भूमिहीनका समस्या सदाका लागि अन्त्य गर्ने सुवर्ण अवसर मिल्न सक्छ। त्यसैले धैर्यसाथ, आवश्यक तयारी जुटाएर नयाँ सरकारका जिम्मेवार मन्त्री/उच्चपदस्थ कर्मचारीसँग यसबारे विचारविमर्श गर्नु उत्तम हुनेछ। कथंकदाचित सुनुवाइ भएन भने अन्तिम विकल्प आन्दोलन त छँदैछ। जनता जनार्दनलाई रोक्न सक्ने यो धर्तीमा कसको तागत छ र ?

विज्ञेषु किमधिकम् इत्यलम्। ✿





कल्पना कार्की

# भूमिमा महिला अधिकार अवसर, चुनौती र आगामी कदम

सँसारका प्राणीको खाद्य पदार्थ उत्पादनको प्रमुख साधन भूमिलाई मातासँग तुलना गरिएको छ। माटो र माता अर्थात आमालाई विशेष सम्मानस्वरूप 'जननी जन्मभूमिश्च स्वर्गदपि गरियशीः' भनिन्छ। माता अर्थात् आमासँग भूमिलाई तुलना गर्छौं तर त्यही माटोको रातोदिन स्याहार गर्ने, परिवार पाल्ने तिनै आमाहरूको नाममा भूमिको स्वामित्व र नियन्त्रण भने कमजोर छ। सबैजसो श्रमजीवी महिला भूमिको स्वामित्वबाट वञ्चित छन्। जबकि ग्रामीण महिलाको हकमा भूमि नै मुख्य सम्पत्ति हो।

कुनै समय यस्तो थियो जुनबेला महिला अधिकारबारे कुरा उठाउनै पनि कठिन थियो। १९७० ताका योगमायाको नेतृत्वमा अन्य सामाजिक विसङ्गति र महिलामाथिका भेदभावलगायत परम्परागत कुसंस्कारविरुद्ध राणा सरकारसँग विद्रोह भयो। तर उनले उठाएका मुद्दाप्रति कुनै सुनुवाइनभएपछि १९९८ साल असार २२ गते उनीलगायत ६८ जनाले अरूण नदीमा हाम फालेर सामूहिक देहत्याग गरेका थिए।

अब भने समयले कोल्टे फेरिसकेको छ। महिलामाथि हुने हिंसा र विभेदका कारणको जरैसम्म पुगेर सम्बोधन गर्न सक्ने अवसर बढ्दै गइरहेका छन्। सचेत नेपाली महिला आफूहरूमाथि हुँदै आएका सबै प्रकारका हिंसा अन्त्य गराउने र आफ्ना आधारभूत अधिकार प्राप्तिको अभियानमा जुटिसकेका छन्। समुन्नतः लोकतान्त्रिक नेपाल निर्माण गर्नका लागि महिलामाथि हुने सबै प्रकारका हिंसा अन्त्य गर्नु अनिवार्य हुन्छ। यसको अन्त्य केवल अपेक्षाले हैन, सुझबुझसहितको आन्दोलनले मात्र गर्न सकिन्छ।

भूमिमा महिलाको अधिकार स्थापित नगरी कुनै पनि ग्रामीण महिला किसान स्वतन्त्र र सक्षम बन्न सक्दिनन्। भूमिमा अधिकार भएपछि परिवार र समुदायमा समेत महिलाको सम्मानित स्थान बन्छ। आफ्नो शरीरमाथि आफैँले नियन्त्रण गर्ने आधार प्राप्त हुन्छ। महिलाका लागि ऐन, कानुन, शिक्षा, स्वास्थ्य, राजनीतिक सहभागिताको क्षेत्रमा पनि थुप्रै काम सँगसँगै लानुपर्छ। तर भूमिमा महिलाको अधिकार भनेको जग बसाल्ने तहको काम हो।

भूमि मान्छेले बनाएको वस्तु नभएर प्राकृतिक उपहार भएकाले जसले जमिनको समग्र व्यवस्थापन, संरक्षण गर्छ, त्यसमा उसको अग्राधिकार हुनुपर्छ। त्यसैले महिला र पुरुष जो जमिनमा काम गर्छन्, त्यसमा उनीहरूको बरोबरी हक लाग्ने कुरा सामाजिक न्यायको सवाल हो। महिलाको भूमि अधिकार ग्रामीण तथा कृषिमा संलग्न महिलाको आर्थिक सशक्तीकरणका लागि जग नै हो। ग्रामीण जनजीवन हेर्दा भूमि नै दिगो जीविकाको महत्वपूर्ण स्रोत हो। ग्रामीण महिला नै भूमिका वास्तविक व्यवस्थापक हुन्।

कृषिकर्ममा संलग्न महिलालाई जमिनको मालिक बनाउने व्यवस्थाले मुलुककै आर्थिक उत्पादकत्व पनि बढ्नेछ। महिलामाथि हुने हिंसा, विभेद, शोषण, अन्याय, उत्पीडन र भेदभावको मुख्य कारण भूमिलगायत उत्पादनका साधनमा हक हुनैपर्छ। भूमिमा महिलाको अधिकार, महिलाको सम्मान, पहिचान, इज्जत, तागत र आत्मविश्वास हो। महिलाले सार्वजनिक क्षेत्रको पद र जिम्मेवारी तब लिन सक्छन् जब व्यावहारिकरूपमैश्रमको बाँडफाँट र उत्पादनका साधनमा बराबरी हक हुनेछ।

भूमिमा महिलाको अधिनत्व नहुँदा महिलाले त हिंसा र भोक खेप्नुपरेकै छ। यसको असर बालबच्चाको खाना र विकासमा पनि परेको छ। परिवारकै स्वास्थ्य खराब हुनुसँग पनि यो विषय जोडिएको छ। भूमि महिलालाई नदिँदा भूमिमात्र नदिइएको हैन। कुनै पनि निर्णय गर्ने अधिकारबाट समेत वञ्चित गरिएको छ।

एउटै परिवारमा जन्मिएका छोरा र छोरीमा गरिने भेदभावले नै महिलाको समग्र जीवनमा असर गरिरहेको छ। सम्पत्तिलगायत संस्कारमा छोरासरह छोरीले पाउने हक स्थापित नभएसम्म राज्यको संविधान, नीति, कानुन र नियमले मात्र खास परिवर्तन ल्याउन सक्दैन। महिलामाथि हुने हिंसा, विभेद र दाइजो प्रथाको विकल्प भनेको महिलाको भूमिलगायत सम्पत्तिमाथि अधिकार स्थापित गर्नु हो। महिला जब भूमिलगायत सम्पत्तिको मालिक हुन्छन् तबमात्र उनीहरूको पारिवारिक र आर्थिक कारोबारमा निर्णय क्षमता बढेर जान्छ। पारिवारिक र सामाजिक हैसियत कायम गराउँछ। छोरा र छोरीलाई बराबरी सम्पत्ति दिने या नदिने निर्णय लिन सजिलो हुन्छ।

हाल देशमा भइरहेको संविधान, नीति र कार्यविधिहरूले महिलालाई जमिनको अधिकार दिनका लागि प्रशस्त मार्ग खोलेको छ। नेपालको संविधान भाग ३, मौलिक हक र कर्तव्यको समानताको हकमा 'पैतृक सम्पत्तिमा लैङ्गिक भेदभावबिना सन्तानको समान हक हुनेछ', धारा ३८ मा महिलाको हकमा 'प्रत्येक महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय हक हुनेछ', धारा ३८ को उपधारा ६ मा 'सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ' जस्ता विषय समावेश छ। भूमि सुधार तथा व्यवस्था मन्त्रालयले महिला सशक्तीकरणमा टेवा पुऱ्याउन र संयुक्त जग्गाधनी दर्ता प्रमाण पुर्जाव्यवस्था

कार्यान्वयनमा सहजता ल्याउन बजेट वक्तव्यका आधारमा संयुक्त जग्गाधनी दर्ता प्रमाण पुर्जा जारी गर्नेसम्बन्धी प्रक्रिया, २०७४ समेत जारी गरेको छ।

यीबाहेक नेपालले महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (सिड)मा हस्ताक्षर गरिसकेको छ। महिला र पुरुषबीच भेदभाव भई महिलाको स्थिति पुरुषको भन्दा पछाडि रहेसम्म शान्ति र प्रगति हुन सक्दैन। यिनै विषयलाई विचार गरेर महिलाका अधिकार सुरक्षित गर्ने अभिप्रायले पहिलो पटक १९७९ डिसेम्बर १८ मा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि पारित भयो। जसमा महिलाको हक, हित र विकासका लागि व्यापक अधिकारको व्यवस्था गरिएको छ। यस अभिसन्धिलाई नेपालले १९९१ अप्रिल २२ मा बिनाकुनै सर्त अनुमोदन गरेको छ। यस महासन्धिमायदि महिला आर्थिकरूपले सवल हुने हो भने उनी जमिनको मालिक हुनैपर्छ, परिवार, समाज र देशमा स्वाभिमानी देखिने अरू उपाय छैन भन्ने उल्लेख गरेको छ। आर्थिक तथा पारिवारिक लाभको अधिकार, ग्रामीण महिलाको विशेष अधिकारको कुरा यस महासन्धिमा उल्लेख छ। समानता, विकास र शान्ति विश्व महिला आन्दोलनको माग छ। महिला अधिकारका लागि निकै महत्वकासाथ हेरिएको बेइजिङ सम्मेलनले पनि यदि महिला आर्थिकरूपले सवल हुने हो भने उनी जमिनको मालिक हुनुपर्नेमा जोड दिएको छ। राष्ट्रिय संविधान, नीति, कानुन, कार्यविधि र अन्तर्राष्ट्रिय महासन्धिका आधारमा लैङ्गिक र सामाजिक न्यायका लागि कार्यान्वयनमा जोड गर्ने उपर्युक्त समय आएको छ।

## भूमि अधिकार आन्दोलनभित्र महिला

नेपालमा भूमि सुधारको मुद्दा नै ओभेलमा परेकाले सङ्गठितरूपमा यसको सुरुवाती भयो। २०६१ सालदेखि सङ्गठितरूपमा भूमि अधिकार आन्दोलन सुरु भयो। भूमि अधिकार आन्दोलनको क्रममा विभिन्न मुद्दा बहसमा आउन थाल्यो। यीमध्ये भूमिमा महिला अधिकारको बहस पनि एक थियो। जुनबेला यस विषयमा बहस सुरु गर्दा त्यति सजिलो भने थिएन। भूमि



अधिकार आन्दोलन सामाजिक न्यायको एउटा मुद्दा थियो। यसरी आन्दोलन अगाडि बढ्दै जाँदा किसानले मोहियानी हक पाउन थाले। जुन आन्दोलनका लागि अत्यन्त खुसीको कुरा थियो।

पछि मोही हक पाएका किसानको जीवनमा आएको परिवर्तनबारे अध्ययन गर्दै जाँदा भने मोहीको जग्गाको स्वामित्व चाहिँ अधिकांश पुरुष किसानको नाममा नै हस्तान्तरण भएको पाइयो। हामीले खासगरी भूमि अधिकार आन्दोलन सामाजिक न्यायका लागि सुरु गरेका थियौँ। तर कृषि क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने महिला किसानहरू सङ्घर्षपछि पाएको अधिकारबाट पनि वञ्चित भएको पाइयो। यस कुरालाई आन्दोलनभित्र चासोका साथ लिएर छलफल गरियो। त्यसपछि हाम्रो जस्तो मुलुकमा भूमिमा महिला अधिकार सुनिश्चित गर्ने माध्यमका विषयमा चिन्तनमनन भए।

अहिलेको परिवेश हेर्दा महिलाको नाममा जग्गा रजिस्ट्रेसन गर्दा राजस्वमा छुट, संयुक्त पुर्जा उपर्युक्त माध्यम हो भन्ने निष्कर्षमा पुगियो। राजस्वमा छुट र महिला र पुरुषको नाममा संयुक्त लालपुर्जाको माग राखेर २०६१ देखि २०६७ सम्म निरन्तर आन्दोलन भए। यसबीचमा दर्जनौँ पैदल यात्रा, धर्ना, स्थानीय र राष्ट्रिय बहस तथा गोलमेच अन्तर्क्रियाहरू भए। २०६६ को अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको दिन ११ दिने पैदल यात्रा सुरु गरिएको थियो। दाङको तुलसीपुर, बाँकेको कोहलपुर र कञ्चनपुरको भीमदत्तनगर तीन ठाउँबाट सुरु भएको यात्रा ११ दिनपछि टीकापुरमा एक सभामार्फत समापन गरिएको थियो।

त्यसको लगत्तै २०६७ को अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस पारेर ५० जिल्लाका १००० महिलाले काठमाडौँको टुँडिखेलमा किल्ला जमाए। प्रत्येक राजनीतिक दलका कार्यालय र संविधान सभा भवनअगाडि धर्ना बसे। आन्दोलनको आठौँ दिन सरकारका तर्फबाट उपप्रधानमन्त्री र शिक्षा मन्त्रीको तर्फबाट माग सम्बोधन गर्ने आश्वासन मिल्यो। यस्ता विभिन्न मागमध्ये संयुक्त पुर्जा नीति ल्याउने सहमति पनि एक थियो। यद्यपि आन्दोलनमा सहभागी हुन बर्दियाबाट आएका प्रतिनिधिहरू चढेको गाडी दुर्घटना भयो। २ जना अगुवाको मृत्यु भयो। थुप्रै घाइते भए। यता हावाहुरीबाट धर्नामा बसेका सहभागीले ठूलो पीडा बेहोर्नुपर्‍यो। तर पनिभूमिमा महिला अधिकारका लागि भएको यही आन्दोलनले सफलता नजिक पुर्‍यायो। यस सहमतिसहित संयुक्त लालपुर्जा जारी गर्नका लागि प्रधानमन्त्री, गभर्नर, अर्थमन्त्री सबैलाई भेटर कुरा राखियो। अन्ततः २०६८/०६९ को बजेट व्यक्तव्यमार्फत श्रीमान् र श्रीमती दुवैको फोटो राखेर संयुक्त जग्गाधनी पुर्जा निर्माण गर्दा १०० रुपियाँमात्र राजस्व लाग्ने नीति आयो। संयुक्त पुर्जा नीति कार्यान्वयनका लागि आन्दोलनका तर्फबाट निरन्तर प्रयास भइरहेको छ।

रजिस्ट्रेसन शुल्क १०० रुपियाँ भनिए पनि लेखनदास खर्च बढी लाग्छ। भौगोलिक हिसावले पनि सदरमुकाम जानुपर्ने भन्भटलाई मध्यनजर गर्दै संयुक्त पुर्जा

जग्गाधनी प्रक्रिया विधि पनि भूमि सुधार तथा व्यवस्था मन्त्रालयले ल्याएको छ । यसले गर्दा अब संयुक्त जग्गाधनी पुर्जा बनाउने स्वयम्‌ले वा अरूको सहयोगमा अनुसूची फाराम भर्न सक्ने, लेखनदास नचाहिने र बीस परिवारभन्दा बढीले बनाउन चाहेमा मालपोत कार्यालयले गाउँमै गएर संयुक्त पुर्जा बनाइदिने प्रावधान उक्त कार्यविधिमा छ।

## संयुक्त पुर्जा अभियान

हाम्रो जस्तो पितृसत्तात्मक समाजमा परिवारको महत्वलाई राम्रोसँग बुझ्नुपर्छ। परिवार भन्नेबित्तिकै पुरुष र महिला सदस्यको सम्बन्ध, एकअर्काबीचको माया, प्रेम र सद्भावको कुरा आउँछ। त्यसैले अहिलेको परिवेशमा भूमिमा महिलाको अधिकार स्थापित गर्नका लागि संयुक्त पुर्जा उपर्युक्त माध्यम बनिरहेको छ। यसले घर परिवारमा आपसी मेलमिलापको वातावरण बढाउन मद्दत पुग्छ। जमिनको अधिकारमा समानता कायम राख्न मद्दत पुग्छ। घर परिवारमा सल्लाह गरेरमात्र घर जग्गा किनबेच हुन्छ। सरसल्लाहले बच्चाहरूमा पनि त्यहीखालको संस्कार विकास गराउँछ। एक्लै बेच्न चाहे पनि सकिँदैन। श्रीमान्/श्रीमतीमध्ये जोकोहीको मृत्यु भएमा नामसारी गरिराख्नु पर्दैन।

त्यतिमात्र हैन, परिवार र समाजमा महिलाको हैसियत बढाउन मद्दत पुग्छ। महिलाले पनि सरकारी वित्तीय कारोवार (ऋण लिन, कुनै उद्यम गर्न, सापटी लिन/दिन) गर्न सक्षम हुन्छन्। सामाजिक न्याय बढाउन सहयोग पुऱ्याउँछ। भूमिमा महिला अधिकार सुनिश्चित हुनु भनेको केवल महिलाका लागिमात्र नभई परिवारका अन्य सदस्य, समाज र राष्ट्रको समग्र विकाससँग जोडिएको विषय हो। संयुक्त लालपुर्जा हेर्दा कागजको टुक्रा हो तर यही कागजभित्र शक्ति लुकेको हुन्छ। त्यही शक्तिले महिलाको आँट, क्षमता, पहिचान र अन्य क्षेत्रका बन्द ढोकाहरू खोल्न मद्दत पुऱ्याउँछ। हालसम्म सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र भूमि अधिकार मञ्चहरूको संयुक्त पहलमा ५ हजार ६२ परिवारले ५४१५.३ हेक्टर जमिनको संयुक्त पुर्जा बनाएका छन् जुन आन्दोलनभित्रको उल्लेखनीय उपलब्धि हो।

## अभियानमा चुनौती

जब भूमिमा महिला अधिकार आन्दोलन हुँदै थियो, त्यतिबेला सरकारले नीतिमात्र ल्याए संयुक्त पुर्जा अभियान त सरर अगाढि बढ्छ भन्ने लागेको थियो। नीति जब आयो सोचे जति सजिलोसँग परिणाम आउन सकेन। हुन त हाम्रो देशमा महिला आन्दोलनपछि आएका थुप्रै नीति, ऐन र काननको कार्यान्वयन पक्ष निकै फितलो देखिएको छ। तर आन्दोलनको तर्फबाट जे सकिन्छ निरन्तर प्रयास जारी छ। पितृसत्तात्मक सोच र चिन्तनले प्रत्येक पाइला पाइलामा गाँजेको छ। परिवार र समुदायमा उत्साहभन्दा हतोत्साह बढी छ। सम्पत्ति महिलाको नाममा जाने कुरा केवल महिलाका लागिमात्र हेर्ने प्रवृत्ति बढी छ।

**लैङ्गिक समानताका लागि संयुक्त पुर्जाको अभियान अब स्थानीय निकायसँगको साझेदारीमा अगाडि बढाउने अवसर आएको छ।**

त्यसैले पैत्रिक सम्पत्ति पुरुषमा हस्तान्तरण हुने परम्परा छ। महिलालाई सहायकका रूपमा लिइन्छ, पुर्जामा थिच्ने बेलामात्र बोलाउने गरिन्छ। भूमिसम्बन्धी काम गर्ने कार्यालय पनि टाढा छ, ती कार्यालयमा महिला कर्मचारी छैनन्। धेरै परिवारको जग्गाधनी पुर्जा ब्याङ्कमा धितो राखिएको छ। नीतिहरू अझै लैङ्गिकमैत्री छैनन्। महिलाका नाममा भूमिको स्वामित्व जाने कुरालाई भूमिसम्बन्धी काम गर्ने कार्यालय, परिवारका सदस्य,गाउँ समुदाय र राजनीतिक व्यक्तित्वले धेरै नै सतही तरिकाले लिने प्रचलन बढी छ। मालपोत कार्यालयका केही कर्मचारीले यससम्बन्धी नीति तथा प्रक्रिया कार्यान्वयनमा आलटाल गर्न खोज्नु पनि अहिलेको मुख्य चुनौती बनेको छ।

## अवसर

संविधान, नीति र कार्यविधिहरूले महिलालाई जमिनको अधिकार दिनका लागि प्रशस्त मार्ग खोलेका छन्। स्थानीय तहका निर्वाचन भई हरेक गाउँपालिका र नगरपालिकामा जनप्रतिनिधिको समूहमा उपमेयर, उपप्रमुखमा महिला निर्वाचित भएका छन्। न्यायिक परिषद्को संयोजन पनि उनीहरूले नै गर्दैछन्। त्यसैले लैङ्गिक समानताका लागि संयुक्त पुर्जाको अभियान अब स्थानीय तहसँगको साझेदारीमा अगाडि बढाउने अवसर आएको छ।

साथै अब सबै सरकारी कार्यालय स्थानीय तहमै स्थापना हुनुले पनि काममा सहजता ल्याउनेछ। संयुक्त जग्गाधनी पुर्जा प्रक्रिया विधिले आधा झन्झट हटाएको छ, यसले काममा गति दिनेछ। अहिले धेरै सङ्घ/संस्थाको भूमिमा महिला अधिकारका लागि काम गर्ने चासो बढेर गएको छ। यस अभियानमा सहजकर्ता थपिएका छन्। प्राकृतिक प्रकोपपछिको पुनर्निर्माण प्रक्रियामा पनि सरकारले संयुक्त स्वामित्वलाई नीतिमै समेटेको छ। मिडियाले पनि यस विषयलाई प्राथमिकतासाथ बाहिर ल्याइरहेको छ।

## आगामी कदम

आउने दिनमा नेपालको संविधानको मौलिक हकअन्तर्गतको समानताको हकमा 'पैत्रिक सम्पत्तिमा लैङ्गिक भेदभावबिना सन्तानको समान हक हुनेछ'भन्ने विषयलाई बहसमा ल्याउन जरुरी छ। भूमिमा महिला अधिकारको विषयलाई राम्रोसँग बुझाउनकालागि भूमि साक्षरता अभियान चलाउनुपर्छ। भएका असल नीति र कार्यविधिलाई कार्यान्वयनमा जोड दिइनुपर्छ। संयुक्त पुर्जा अभियानलाई स्थानीय निकायसँगको सहकार्यमार्फत अगाडि बढाउन जरुरी छ। लैङ्गिकमैत्री नीतिको वकालत (जस्तो- संयुक्त पुर्जालाई अनिवार्य गर्ने कानुनबारे) गर्नुपर्छ। यस अभियानमा शैक्षिक सङ्घ/संस्थाको संलग्नता, अध्ययन र प्रचार पनि जोड्नु आवश्यक छ। ✿



जगत देउजा

# जग्गा नभई घर कहाँ बनाउने ?

## ठगीको अनौठो तरिका

भूकम्प प्रभावित परिवारले ट्याक्सी मागेका थिएनन् । कुनै विद्वान्लाई ठगीको उपाय फुऱ्यो । सरकारले एकाएक भूकम्प प्रभावित कार्ड पाएकालाई ट्याक्सी खरिदका लागि निवेदन माग गऱ्यो । डेढ लाख निवेदन पऱ्यो । चिट्ठा प्रक्रियाबाट ट्याक्सी पाउने छनोट भए । अहिले ट्याक्सी पाउने लगभग सबैले बेचेको खबर छ । कसैले माग नगरेको यो योजना किन ल्याइयो ? रोजगारी बढाउने उद्देश्यले गरिएको भनिएको यो निवेदनमा किन ट्याक्सी चलाउन जानेको लाइसेन्स खोजिएन वा पहिले तालिमको व्यवस्था गरिएन ? किन बेरोजगार र गरिब परिवारले मात्र निवेदन हाल्न पाउने भनिएन ? ट्याक्सी खरिदका लागि सहुलियत ऋणको व्यवस्था किन भएन ? प्रस्ट छ- यो योजना भूकम्प प्रभावितका लागि थिएन । नयाँ ट्याक्सी खरिद रोकिएको अवस्थामा त्यसलाई फुकाइ कमिसन खाने उद्देश्यले भूकम्पपीडितलाई भजाइएको थियो । यो प्रक्रियामा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणभन्दा अरू नै निकाय बढी सक्रिय भए । जवाफदेही शासन भएको देश थियो भने यो निर्णयमा संलग्नहरूले सजाय पाउँथ्यो । यो अत्यन्तै आधारहीन र असफल प्रोजेक्ट थियो । ट्याक्सी भूकम्पपीडितलाई पुगेन । हचुवाको भरमा गरिएको यो कार्यक्रम असफलताको उदाहरण बनेर अबका केही वर्ष छलफलमा आई नै रहनेछ । लाखौँ निवेदन बुझाउँदा हुने अनुत्पादक खर्चको हिसाब कसले गर्ने ?

व्यक्तिगत फाइदा हुने परियोजना कतैबाट माग नआए पनि मरिमेटेर गर्ने निकायहरू भूकम्पपीडितका आधारभूत आवश्यकतामा भने सकारात्मक देखिँदैनन् । यसले प्राधिकरणका कतिपय सही निर्णय पनि लागु हुन सकेका छैनन् । समस्या छिमोल्ने भन्दा पनि पालेर रमाउने प्रवृत्ति हाबी भइरहेको छ । भूकम्पपीडितले घर बनाउनका लागि अनुदान लिइसक्नुपर्ने मिति २०७४ कात्तिक मसान्त तोकिएको थियो । जुन गुज्रिसकेको छ । तर घर बनाउने जग्गा नभएर करिब ७० हजारले अनुदान सम्झौता गर्न सकेका छैनन् ।

जो भूकम्पबाट पीडित भए तिनीहरू सबैको घर थियो । घर थियो भने उनीहरूले जग्गा पनि उपयोग गरिरहेका थिए । तर ती घर भएका कतिपयको जग्गा दर्ता भएको थिएन । उनीहरू गुठी वा बिर्ताको जग्गामा बसोबास गरेका थिए । ऐलानी वा सरकारी जग्गामा बसेका थिए । केही आफ्नो जग्गा भएर पनि भूकम्पले विस्थापित भएका छन् । सरकारले यी सबै समस्या भएकाको लगत लिई सुरक्षित अर्थात् घर बनाउन मिल्ने अवस्था भएकालाई सोही जग्गा दर्ता गरिदिनुपर्ने थियो । जसका लागि सो स्थान सुरक्षित छैन उनीहरूका लागि अन्य उपयुक्त ठाउँमा सरकारी जग्गा उपलब्ध गराउनुपर्थ्यो । र, सरकारी जग्गा पनि नभएको अवस्थामा मात्र निजी जमिन किनेर उपलब्ध गराउनेतर्फ सोचिनुपर्थ्यो । यसो गर्दा सरकारलाई ठूलो आर्थिक व्ययभार पर्दैनथ्यो । प्रक्रियामा कम समय लाग्थ्यो । सरकारसँग भएको रकम ती परिवारको जीविकोपार्जनमा लगानी गर्न सकिन्थ्यो । पीडितहरूको सामाजिक र आर्थिक सम्बन्ध बिग्रँदैनथ्यो । तर सुकुमबासी र विस्थापितलाई जग्गा किन्न दुई लाख दिने भन्ने कार्यक्रमले काम गरेन । यसमा निवेदन दिन पीडितहरू इच्छुक भएनन् । किनकि उनीहरू आफ्नो दर्ता नभएकै थलो छाडेर जाँदा पहिलेको भन्दा अझ कमजोर अवस्थामा पुग्थे । त्यसो हुँदा असाध्यै थोरैले यो सुविधाका लागि निवेदन हाले । निवेदन हालेकालाई जग्गा खरिद गर्ने प्रक्रिया सोचेको जस्तो भएन । सबभन्दा सजिलो र प्रभावकारी मोडल भनेको

सरकारसँग भएको रकम ती परिवारको जीविकोपार्जनमा लगानी गर्न सकिन्थ्यो । पीडितहरूको सामाजिक र आर्थिक सम्बन्ध बिग्रँदैनथ्यो । तर सुकुमबासी र विस्थापितलाई जग्गा किन्न दुई लाख दिने भन्ने कार्यक्रमले काम गरेन । यसमा निवेदन दिन पीडितहरू इच्छुक भएनन् । किनकि उनीहरू आफ्नो दर्ता नभएकै थलो छाडेर जाँदा पहिलेको भन्दा अझ कमजोर अवस्थामा पुग्थे ।

बसिरहेको जग्गा दर्ता गर्नु नै हुन्थ्यो । तर त्यसो भएन । नगद दिने प्रक्रियाले समस्याको समाधान भएको भए ठीकै हुन्थ्यो । तर यसले समस्या समाधान भएन । सरकारले त सरकारी जग्गा उपयोग गरिरहेकालाई पन्छाउने मौकाका रूपमा लियो ।

### निवेदन लिइयो तर सुनुवाइ भएन

ठूलो विपद्पछि भूमिको विषय जल्दोबल्दो भएर आउँछ । नयाँनयाँ सवाल आउँछन् । तिनलाई समाधान गर्न सकिएन भने पुनर्निर्माणले सही बाटो र गति समात्न सक्दैन । विस्थापित र सुकुमवासीलाई दुई लाख दिने निर्णय गर्नुभन्दा पहिले प्राधिकरणले जग्गा दर्ता गर्ने कार्यविधि ल्याएको थियो । २०७२ सालमा नै ल्याइएको यो कार्यविधि समस्या समाधान गर्नेगरी ल्याइएन । समस्याको गहिराइ नबुझी टेबुलमा बनाइएको कार्यविधिले काम गर्ने अवस्था हुने पनि भएन । जेनतेन केहीको भए पनि समस्या समाधान हुन्छ भनेर जिल्ला जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा बनाइएको समितिमा निवेदनहरू पनि पेस भयो । बल गरेर १२ हजार ९५५ निवेदन पनि पेस भए । तर आजसम्म त्यसरी निवेदन हालेका कसैले पनि जग्गा पाउन सकेका छैनन् ।

बनाएको तीन वर्ष हुन लाग्दा पनि कुनै पनि जिल्लामा समितिले काम गरेको छैन । यो नागरिकप्रति राज्यले निर्वाह गर्नुपर्ने जवाफदेहिता भएन । निवेदन किन लिइयो ? फेरि किन सुनुवाइ भएन ?समितिमा निवेदन दिने म्याद भने थपिएको थपियै छ । र, अहिले २०७५ वैशाख २५ गतेभित्र निवेदन दर्ता गर्न सूचना जारी भएको छ । किन निवेदन दिने ? जग्गाविहीन भूकम्पपीडितहरू अलमलमा छन् । अर्को उदेकलाग्दो कुरा जग्गा दर्तासम्बन्धी सूचना जारी भएको आठ महिना पुग्दा पनि यसको जानकारी न जिल्ला तहको जग्गा दर्ता समितिलाई छ, न भूमि अधिकारबाट वञ्चित समुदायलाई । जग्गा दर्ता कार्यविधिमा थुप्रै अस्पष्टता छन् । पुनर्निर्माण प्राधिकरणका कर्मचारीहरू भूकम्प प्रभावितहरूले घर भत्केको पूरै कित्ता जति नै क्षेत्रफल भए पनि दर्ता गराउन सकिने बताउँछन् । तर जिल्लाका कर्मचारी मान्दैनन् । जग्गादर्ताका लागि जुन शुल्क लगाइएको छ । त्यो भूकम्पपीडितले तिर्न सक्ने अवस्था छैन । त्यसले त भूकम्पपीडितलाई सहायता हैन, सजाय दिन खोजिएको जस्तो देखिन्छ । समस्या भएकामा सबै जग्गा विधि पुऱ्याएर दर्ता गर्न सकिन्थ्यो । यसका लागि भूमि सुधारसम्बन्धी काम गर्ने निकायहरू परिचालन गर्न सकिन्थ्यो तर गरिएन । किन गरिएन ? बुझिनसक्नु छ ।

### घडेरीले मात्र जीविका चल्दैन

मानिसलामो समयदेखि बसिरहेको जग्गा छाड्नुपर्ने गरी जुन नियम ल्याइएको छ यो कुनै पनि हिसाबले व्यावहारिक छैन । यसो गर्ने हो भने उसको जीविकाचाहिँ कसरी चल्छ ? नागरिकलाई बलियो, समुन्नत बनाउने हो कि कमजोर, दुब्लो र माग्ने बनाउने ? के गर्ने ? सरकारी जग्गा दर्ता हुँदैन भन्ने हो भने अहिले नापिएका र निजी सम्पत्तिका रूपमा राखिएका जग्गाहरू पनि पहिले दर्ता थिएनन् । यसमा कस्तो जग्गा दर्ता गर्ने, कस्तो नगर्ने भन्ने विषयमा आधार बनाउन सकिएला तर जग्गादर्ता नगर्ने भन्ने सोचले समस्याको समाधान दिँदैन । प्रयोगबिहीन जग्गा वर्षौंदेखि भोगेका छन् । खेती गरेर खाइरहेका छन् । घर बनाएर बसिरहेका छन् । तिमीहरू यहाँ बस्न पाउँदैनौ, छाडेर जाओ, हामी घडेरी किन्न दुई लाख दिन्छौँ भन्ने रणनीतिले कसरी काम गर्छ ? गर्दैन । यो विधि, सोच, कार्यक्रम ठीक भएन । सोचाइ साँघुरो भयो ।


> **जग्गाविहीन भूकम्पपीडितहरू अलमलमा छन् । अर्को उदेकलाग्दो कुरा जग्गा दर्तासम्बन्धी सूचना जारी भएको आठ महिना पुग्दा पनि यसको जानकारी न जिल्ला तहको जग्गा दर्ता समितिलाई छ, न भूमि अधिकारबाट वञ्चित समुदायलाई । जग्गा दर्ता कार्यविधिमा थुप्रै अस्पष्टता छन् ।**

### टालो हाल्ने प्रयास

पहिले अनुदान सम्झौताका लागि लालपुर्जालाई अनिवार्य गरियो । अति सीमान्तमा परेका वर्ग अनुदानबाट वञ्चित भए । जसको लालपुर्जा थिएन । पछि लाभग्राही सूचीमा नाम समावेश भएका भूकम्पपीडित परिवारले घरबास भएको जग्गाको भोगसम्बन्धी कुनै निस्सा, रसिद, पुर्जी र स्थानीय तहको सिफारिस एवम् स्थानीयतहको प्रतिनिधिको रोहवरमा कम्तीमा दुईजना सँधियार उपस्थित रहेको सरजमिन मुचुल्काका आधारमा आवास अनुदान सम्झौता हुने गरियो । त्यसले पनि काम गरेन । यो निर्णय नै समस्या समाधान गर्नेखालको थिएन ।

### के गर्ने त ?

प्राधिकरण, भूमि सुधार मन्त्रालय र अन्य सरोकारवालासमेतको टोलीले भूमि समस्या भएको स्थानमा गई उनका समस्या र विकल्प सुन्ने । र, सोको आधारमा जग्गा दर्तासम्बन्धी कार्यविधि संशोधन गर्ने । घडेरीमात्र हैन, सबै भूमि समस्या समाधान गर्ने गरी काम थाल्ने । समस्यालाई खण्डीकृत गरेर हुँदैन । स्थानीय सरकारसँग मिलेर जग्गा नभएका सुकुमवासी र दर्ता गर्नुपर्नेको यथार्थ लगत लिने । भूमिसुधार मन्त्रालयसँग समन्वय गरेर जग्गादर्ता गरी पुर्जा उपलब्ध गराउने । भूउपयोग नक्शाङ्कन र योजनाको कामलाई पनि सँगै जोडेर लैजाने काम हुनुपर्छ । ✿



चन्द्रकिशोर

# किसानका लागि चुनावको अर्थ

मधेसतिरको लोकगीतमा सीता र रामको विवाहसँग जोडिएको एउटा सन्दर्भ छ। जसमा भनिएको छ- राजा जनकले विवाहका समयमा उत्सवका प्रबन्धकहरूलाई निर्देश दिएका थिए रे, ‘जन्तीको स्वागत र सम्मानमा कुनै कमी-कमजोरी नदेखियोस्। ’ यस्तो निर्देश हुनु त स्वाभाविकै थियो तर उनले त्यससँगै जुन कुरा भने, त्यो असाधारण थियो। उनका अनुसार बिहे खर्च गर्दा यो कुराको ध्यान राख्नुपर्‍यो कि मेरा देशका निर्धनतम पितालाई पनि लागोस् कि उसले पनि आफ्नो छोरीको बिहे कुनै आर्थिक कठिनाइबिना गर्न सक्छ। लोकतन्त्रमा निर्वाचन मूलतः साधन सम्पन्नताको प्रदर्शन होइन, कल्पनाशीलता र रचनात्मकताको कुशल प्रयोगको कलाकर्म पनि हो। आन्तरिक सिर्जनात्मकता र प्रतिभाको स्थान जब साधन सम्पन्नताले लिन थाल्छ, त्यतिखेर राजनीतिक मूल्यको क्षरण हुनथाल्छ। अहिले पनि मुलुकको ठूलो हिस्सा खेती-किसानीसँग जोडिएको छ। कृषिको सबलताले आर्थिक उन्नतिको जग हाल्न सक्छ। तर यस पटकको निर्वाचनमा किसानको मुद्दा उच्च स्वर भएन। सीताको उत्पत्ति आफैँमा शासकद्वारा जमिनसँग जोडिनु र श्रमको सम्मान गर्नुको मानक राख्छ। भनिन्छ, किसानहरूको हाहाकारले गर्दा राजा जनक हलो जोत्न पुगेका थिए।

## असङ्गठित अव्यक्त आक्रोश

अहिले विभिन्न कोणबाट समाचारहरू आउँदैछन्, किसानका अर्बौंका उखु खेतमा सड्दैछ। तरकारी उत्पादन गर्ने किसानहरूले बजारभन्दा कम मूल्य पाइराखेका छन्। डिजलको अभाव छ। उत्पादित जुनारको फल रोग सङ्क्रमणका कारण नष्ट हुन थालेका छन्, जुनार टिपेर बजारमा लैजाने बेला सङ्क्रमण भएर फल कुहिन थालेको छ। किसानका लागि धानको भाउ ठगिएको छ। किसानबाट खरिद हुने मूल्य सार्वजनिक नहुँदा तीन/चार तहमा विचौलियाले आफूखुसी मूल्य बढाउने भएका कारण किसानले सही भाउ पाउन नसकेको गुनासो प्रशस्त सुनिएको छ।

कतिपय ठाउँमा गहुँ खेतीका निम्ति महँगो मूल्य तिरेर किसानले मल किन्नुपरेको छ। घरदैलोमा पुग्दै गरेका प्रत्यासीले धान थन्क्याउन सहयोग गर्दै गरेको, खेतखलिहानमै पुगेर किसानको खुट्टा ढोग्दै गरेको लगायतका कर्मकाण्डी फोटाहरू सामाजिक सञ्जालमा छरपस्टिएका छन्। कतिपय किसान सङ्गठनका नेताहरू चुनावी लडाइँमा आफैँ होमिएका छन्। यसका बाबजुद पनि किसानको आँसु पुछिएको छैन। किसानका सवालहरू निकट भविष्यमा हल गरिने कुनै छाँटकाँट छैन। त्यसले गर्दा किसानहरू भित्रभित्रै मुर्मुरिएका छन्। असङ्गठित किसानका अव्यक्त आक्रोश कता पोखिने हो ? ठेगान छैन।

## अन्नदाता सुखी छैन

पछिल्ला दशकमा किसानका सङ्गठन अस्तित्वमा आए। तर यी सङ्गठन केही प्रचारमुखी कार्यक्रममै कैद भए। जमिनसँग जोडिएका किसानका आशा, आकाङ्क्षा र शङ्का व्यवस्थापनका लागि यिनीहरू चुक्दै रहे। त्यसैले किसानको ठूलो सङ्ख्या हुँदाहुँदै यिनका ठूला समस्या राजनीतिको प्राथमिकतामा पर्न सकेनन्। हो, चुनावी घोषणापत्रहरूमा किसान र कृषिसँग जोडिएर केही प्राविधिक तर उही बासी कुराहरू पस्किने प्रयत्न भएको छ। राजनीतिको प्राथमिकतामा के पर्ने- स्वास्थ्य, गरिबी वा अशिक्षा ?यो प्रश्न आधारभूत सरोकार हुन्। सबैभन्दा पहिला खाना चाहिन्छ। खाना भएन भने भोकै कक्षामा बसाउनुको कुनै तुक हुँदैन। त्यसपछि मात्र शिक्षा र स्वास्थ्यका कुरा आउँछन्। भोजनको प्रबन्ध गरेर पनि भएन, त्यसका निम्ति पोषणयुक्त भोजन चाहिन्छ। किसानका कुरा गरिराख्दा यो कुरा किन गर्नुपर्‍यो भने हामी खाद्य उत्पादनमा पछाडि पर्दै गएका छौँ। उत्पादित अन्नको सीमितताले हाम्रो भोजनको बानी फेर्दै गएको छ। एउटा समस्याबाट अर्को समस्या गाँसिएको छ वा भनौँ एकले अर्कोलाई जन्माउँदै गरेको छ।

जुनसुकै अर्थ वा आशयको समाजवाद ल्याउन चाहनेले किसानको सङ्कट, कृषिको व्यवस्थापन र खाद्य सामग्रीमा आत्मनिर्भरताको कुरा गर्नैपर्छ। तर भई के राखेको छ भने किसानका कुरा सुन्नुभन्दा पनि नेताहरू ज्योतिषीको बढी भर पर्नथालेका छन्। ज्योतिषीले नेताहरूलाई बताउन थालेका छन्, घरदैलो गर्दा पहिला कुन खुट्टा उचाल्ने र नेताहरू कठपुतली जस्तो त्यस्तै अभ्यास दोहोर्‍याइरहेका छन्। आज किसान र विकासको बीचमा दूरी छ, खेत र खुसीको बीचमा ग्याप छ, जो विस्तारै बढ्दै गएको छ। महोत्तरीका किसान भन्दै थिए- सरकार हलो चलाउन सक्दैन तर कृषि समस्याको हल निकाल्न सक्छ।

## पञ्जाबको चुक

खेतीमा सुधारको कुरा गर्दा भारत स्वतन्त्र भएपछि त्यहाँको पञ्जाब प्रान्तमा हरित क्रान्तिको चर्चा खुब गरिन्छ। त्यहाँ सिँचाइका प्रशस्त व्यवस्थापन गरियो, रासायनिक मलका कारखाना र थर्मल पावर प्लान्ट स्थापित गरियो। मोटोरूपमा हेर्दा प्रगतिका यी सूचक खाद्य एवम् ऊर्जा सुरक्षाका पर्याय नै हुन्। तर त्यहाँ पछिल्ला दशकमा हरित क्रान्तिको बुलन्द इमारतको जग कमजोर पर्दै गएको छ। मिहिन तरिकाले हेर्दा विषादीको प्रचुर प्रयोगले

किसानहरू पीडित हुनथालेका छन् । क्यान्सर जस्ता रोगले ठूलो जनसङ्ख्यालाई च्यापेको छ र किसानहरू बर्सेनि ठूलो सङ्ख्यामा आत्महत्या गरिराखेका छन् । यहाँ पञ्जाबको कुरा भन्नु वा चर्चा गर्नु यसकारणले पनि जरुरी छ कि भारतीय मानसमा एकताका अटुट छाप परेको थियो, पञ्जाब छैन भने राष्ट्रिय खाद्य सुरक्षा छैन । सिङ्गो भारतलाई पञ्जाबका कृषि प्रविधिहरूको अनुशरण गर्नुपर्छ भन्ने बुझाइ थियो । तर आज स्थिति फेरिएको छ । त्यहाँ प्राकृतिक खेतीतर्फ किसानहरूको आकर्षण बढ्न थालेको छ । त्यहाँ प्राकृतिक खेतीतर्फ त्यसै रुझान बढेको होइन ।

किसानहरू अनेक सङ्कटबाट पिल्सिन थालेपछि त्यहाँ प्रश्न उठ्यो, सहस्राब्दीको पहिलो दशकमा, प्रतिदिन करिब ४५ किसानले आत्महत्या गरिराख्दा न कुनै कृषि वैज्ञानिक न कुनै कृषिमन्त्री, नत कुनै मल बिक्रेता न कुनै अन्नको कारोबारीले नै मृत्यु रोजे, आखिर किन ? यो कसरी सम्भव हुनसक्छ कि कृषिसँग जोडिएका प्रत्येक व्यवस्था राम्रोसँग फक्रियोस् । तर यसका प्रथम एकाइले नै सिङ्गो चोट बेहोर्नु परोस् ? हो, हामीकहाँ पनि यो प्रश्न उठाउनैपर्छ ।

## प्रदेशगत मार्गचित्र

कुनै पनि दलले कृषिबारे वस्तुपरक कुरा गरेका छैनन् । आदर्श एवम् उपदेशात्मक शैलीमा कृषिको आधुनिकीकरणको रेखाचित्र कोरिएको छ । तर हाम्रो कृषिसँग जोडिएको भारतीय कृषि अर्थतन्त्रसँगको प्रतिस्पर्धा र नेपाली चरित्रको कृषि प्रणालीको दिगोपनको सवाल कसैको पनि घोषणापत्रमा आएको छैन । प्राथमिक पक्ष हो, खेती सभ्यतालाई जोगाउनु । त्यो भनेको किसानमात्र होइन, त्योसँग जोडिएको सबै प्रणाली जोगाउनु हो । किसान आफ्नै जमिनबाट टाढिँदै गएको र औद्योगिक एकाइको छायाँका रूपमा बाँच्ने मजदुर होइन, ऊ त जमिनसँग जोडिएको र जमिनबाट जीवन रच्ने स्थायी समाज हो । अन्नदाता किसान मगन्ते अवस्थामा हुनु राष्ट्रिय त्रासदी हो । आवश्यकता थियो, प्रदेशगतरूपमा खेती-किसानीका फरक-फरक नमुनाका रूपमा खडा गर्ने र त्यसैका आधारमा प्रदेशहरूको पहिचान कायम गर्ने । किसानहरूका समस्या रातारात उब्जिएका होइनन्, लामो समयदेखि हुँदै आएको चुकको परिणाम हो । अहिले राष्ट्रिय अर्थतन्त्रको अँध्यारो पाटो किसानहरूको मर्कालाई चुनावी सन्दर्भलाई लिएर राष्ट्रिय विमर्श बनाउनसके यसको दुइटा सवल पक्ष देखिन्थ्यो । एउटा त भुइँ सतहका अनुभव, अप्ठ्यारा र आकाङ्क्षा माथि पुग्थ्यो र अहिलेसम्म केन्द्रमा देखापरेको दृष्टिकोणलाई तृण तहको कसौटीमा दाँज्न सकिन्थ्यो । हामीकहाँका कृषि विज्ञहरू बाहिरी मुलुकका खेती प्रणालीबारे राम्रो व्याख्यान दिन सक्छन् । तर आफ्नै गाउँघरका खेती-किसानीका सिप र शैलीबारे भने शून्य छन् । राजनीतिक पक्षमा गम्भीरता भएको भए आफ्ना दृष्टिकोण चुनावमार्फत जनतामा लाने राम्रो अवसर बन्थ्यो ।

## आलीमा उभिएका प्रश्न

किसानलाई आफ्नो खाँचोका मुताविक रोजगारी प्राप्त छैन । उसको उत्पादनले सही बजार पाउँदैन । कृषिसँग जोडिएर देखिने जनशक्ति अन्यत्र पलायन गरिरहेका छन् । यो सवाल खेतीका तौरतरिकामा बदलावका लागि राजनीतिक परिवर्तनको सुरुवात बन्न सक्छ र बन्नुपर्छ । किसानहरू आखिर किन एउटा सक्रिय नागरिकका रूपमा आफ्नो जिम्मेवारी पूरा गर्दैनन् ? यसका दुइटा कारण छन्- पहिलो उदासीनता, दोस्रो जागरुकताको कमी । राजनीतिप्रति ज्यादातर किसान उदासीन छन् । तिनलाई भरोसै छैन कि राजनीति देशमा कुनै बदलावको माध्यम बन्न सक्छ । खेत-खलिहानमा भेटिने किसानहरू भन्छन्, 'एउटा भोटले के फरक पर्छ ?' 'हाम्रो यहाँ कोही यस्तो छैन, जसलाई सही नेता मान्न सकौं', 'हेर्नुभो कुनै पनि दलले भ्रष्टाचारमुक्त र सुशासनको कुरा गरेका छन् ?'

तर हकिकतमा जब दैनिक जिन्दगीको यथार्थले उपरोक्त भावनाको अतार्किकतालाई सामुन्ने ल्याइदिन्छ । ठूला उद्योगीहरूको स्वार्थलाई संरक्षण दिन पुगेका दलहरू किसानलाई छद्म नाराका आधारमा लठ्याउने र आफ्नो पछाडि लाम लगाउने कुटिल चालहरू साविकजस्तै यसपटक पनि दोहोऱ्याउँदैछन् । कतै जात त कतै राष्ट्रियता त कतै धनबल त कतै धुर्तबलका आधारमा किसानमाझ विभाजन ल्याउने र तिनका टुक्रा-टुक्रामा भएका मतलाई आ-आफ्नो चुनावी चुम्बकीय शक्तिद्वारा तान्ने उपक्रम यसपटक पनि निर्लज्जतापूर्वक दोहोरिँदैछ ।

बदलाव तलबाट पनि गर्न सकिन्छ । परिवर्तन खेत-खलिहानबाट पनि सुरु हुनसक्छ । आजको परिदृश्यमा एउटा समझदार किसान मतदाताहरूको एउटा समूह निराश भएर मत नखसालिदिँदा एउटा राम्रो राजनीतिक नेतृत्व उदय हुनुबाट कतै वञ्चित हुन्छ त कतै तिनका मतले सङ्गठित प्रयत्न गऱ्यो भने कुनै पनि पार्टी वा प्रत्यासी पङ्क्तिलाई दबाब दिन सक्छ । लोकतन्त्रमा बदलावको माग गर्ने जनताको आवाजभन्दा बलियो कुनै अर्को चिज हुनसक्दैन । राजनीतिक र सार्वजनिक मुद्दाहरूमा भागिदारीको महत्वको अनुभूति हुनुका बाबजुद पनि कैयौँ किसानले यो थाहा पाउँदैनन् कि उनीहरूले गर्नुपर्ने के हो ? एउटा सक्रिय नागरिकका रूपमा तिनका पहिचान के हो ? यसको प्रस्ट कारण किसानमाझ सामूहिक सम्वाद र ऐक्यबद्धताको कमी हो ।

खेतीको पूरानो परिपाटी र गाउँमा सहरले अतिक्रमण गरेपछि किसानबीचका पारम्परिक सम्वादका माध्यम र सूत्रहरू कमजोर पर्दै




गएको छ । यही कारण हो कि किसानको मर्काले बलियो स्वर पाउँदैन । नेपाली आधुनिक राजनीतिको प्रारम्भिक कालमै विभिन्न भूगोलमा बलियो किसान सङ्घर्ष भएका छन् । तर २०६२/६३ को युगान्तकारी जनआन्दोलनपश्चात कर्पोरेटहरूको बढ्दो वर्चस्वसँगै किसानहरू निरीह हुँदै गएका छन् । इतिहासले बताउँछ कि बदलाव एउटा संयोग नभएर प्रायः सङ्कल्प र त्यसका लागि निरन्तर गरिएको प्रयत्नको नतिजा हो । अहिले किसानहरूले निर्वाचनमार्फत आफ्ना असन्तुष्टि अभिव्यक्त गर्ने मौका पाएका छन् । राम्रो भविष्यका लागि यही नै बाटो पनि हो ।

१४ मङ्सिर २०७४, कान्तिपुर



अनिता खरेल




# भुइयाँ पढ्दै गर्दा

यज्ञशद्वारा लिखित पुस्तक 'भुइयाँ' पढ्दै गर्दा केही नलेखी बस्न सकिनँ। तत्कालीन नेपालका कमैया र कमलरीहरूको जीवनमाथि लेखिएको यस पुस्तकका कथा जति पढ्दै जान्छु, उति मुटुको धड्कन बढ्दै गइरहेको छ। पुस्तौँदेखि दिनरात दुःख गरेर, पसिना बगाएर, दस नङ्ग्रा खियाएर जोतभोग गरेको जमिनबाट जुनसुकै बेला पनि साहू वा जमिनदार आएर लखेट्न सक्ने डरले त्रसित हुँदै साहूकै घरमा कमैया, कमलरी बस्न बाध्य मानिसको कथा यस पुस्तकमा मन छुनेगरी समेटिएको छ। अझ, भूमि अधिकारका लागि सङ्घर्षरत भूमिहीनहरूको आत्मकथा पनि हो यो पुस्तक भन्दा फरक नपर्ला।

त्यो समाज जहाँ जमिनदार र हुनेखाने भनाउँदाहरूले हरेक गरिबलाई कमैया र कमलरी देख्ने गर्थे भने हरेक वादी महिलालाई वेश्या ठान्ने गर्थ्यो। त्यस्तो समाजसँग जुधेर पार्वती डगौरालाई न्याय दिलाउने चुके चौधरीले वास्तवमै महान् प्रेमकथा रचेका छन्। शायद निस्वार्थ प्रेमको परिभाषा कसैले बुझ्न चाहन्छ भने चुकेको कथा मात्र पढ्दा पुग्छ। पार्वतीमाथि लाञ्छना लगाउने र निर्वस्त्र पार्नेहरू महिला नै थिए भन्ने थाहा पाउँदा भित्रैदेखि लाज र रिस मिश्रित आवेग पलायो। त्यतिसम्मको निच व्यवहार गर्ने समाजप्रति अहिंसात्मक आन्दोलन गरेर विजय प्राप्त गरेको यी जोडीलाई हृदयदेखि नै नमन।

बाढीले बगर बनाएको खेतमा छोपिइसकेका धानका बोट र अलिकति देखिएका कनिकाका बाला हेरेर भोक मेटाउँदै आफ्नै नामको एक टुक्रा सुरक्षित (बाढी नछिर्ने) जमिन भएको सपना देख्ने तारा बिक र दुर्गा भट्टका सपना खासै ठूला होइनन् तर पनि ती सपनालाई असम्भव जस्तै बनाइदिएको छ यो समाज र सरकारले। तराईतिरको यात्रा गर्दा बगरमा काँस फुलेको देख्दा रमाउँदै फाटो खिच्न आतुर भएकी थिएँ म कुनैबेला। तर ती काँसघारीमुनि कति दुर्गाहरूको सपना र भोक पुरिएको रहेछ भन्ने थाहा पाउँदा असाध्यै दुःख लागेर आयो।

सलमा बेहेना र पार्वती राजीको जीवनको सङ्घर्षको कथा पढ्दै गर्दाचाहिँ भूमि अधिकार आन्दोलनले उनीहरूको जीवनमा झन् पीडा पो थपेछ कि भन्ने महसुस भयो। तर फेरि अधिकार प्राप्तिको लडाइँ त्यति सजिलो त कहाँ हुन्छ र ? झन् त्यसमाथि हाम्रो देश, जहाँ सरकार र संविधान बन्ने क्रम सिलसिलेवाररूपमै अघि बढिरहेको छ, त्यहाँ राजनीति र सरकारले दिगोपन नपाउन्जेल यो लडाइँ अन्त्य होला भन्न सकिन्न। उनीहरूले जीवनमा भोगेको पीडाको एक छेउ पनि सहन गाह्रो पर्छ सामान्य मानिसलाई।

लेखकले प्रत्येक कथाको शीर्षक कुनै न कुनै पात्रसँग जोडेर राखेका छन्। त्यसैले पनि शीर्षकहरू आफैँमा वजनदार छन्। एउटा कथाभित्र मुख्य पात्र अनि अरू धेरै पात्रहरूको कथा नदी जस्तै सलल बगेको छ। तर कहिलेकाहीँ नदीको बीचमा कसैले बाँध लगाएर पानीको बहाब अन्तै मोडिदिएजस्तै कथा पनि कतैकतै मोडिन पुगेको छ। यसमा चाहिँ लेखकले अलि ध्यान पुर्‍याएको भए कतै पनि कमेन्ट गर्ने ठाउँ नै हुँदैन थियो। भूमि अधिकार आन्दोलनका अग्रणी बलदेव रामको कथा पनि समेटेर यस पुस्तकप्रति र समग्र आन्दोलनप्रति लेखकले न्याय भने अवश्य गरेका छन्। भूमि अधिकार आन्दोलनलाई बुझ्न चाहने जो कोहीका लागि यो पुस्तक उपयुक्त हुन सक्छ।

पार्वती राजीको काखमै सात दिनकी कलिली छोरीले आमाको दूध खान नपाएर आफ्नो प्राण त्यागेको घटना होस् वा सिरहामा सिनो बहिष्कार गर्नाले भूमिहीनहरूको एउटा समुदाय नै बहिष्कारमा परेको घटना होस्, घटनाको सुरुवाती चरणदेखि त्यसको परिणाम र भोगाईसमेतलाई सूक्ष्मरूपले प्रस्तुत गरेको पक्ष असाध्यै राम्रो छ। पुस्तकका पाना पल्टाउँदै जाँदा आफूले पनि त्यही शोषण, अत्याचार र पीडाको अनुभूति गर्न सकिन्छ। पीडा र सङ्घर्षका मार्मिक कथाहरूकै बीचमा 'राति उड्ने पुतली' पुतलीमायाको कथा पढ्दाचाहिँ रमाइलो लाग्छ। हुन त उनको पनि सङ्घर्षकै कथा हो तर रोचक प्रस्तुतिका कारण र उनको सङ्घर्ष र आन्दोलनले पाएको सफलताका कारण पाठकको दुःखी मन एकछिन भएपनि शान्त हुन्छ।

आफ्नो अधिकारका लागि आवाज उठाउँदा ट्याङ्ग्राटोलीका थारू र मुसहर महिलालाई 'थरुनी, मुसहर्नी भएर पनि आफ्नो अधिकारका कुरा गर्ने' भनेर सामाजिक अपहेलना र कुटपिट गरेको घटना, अझ कुटपिटमा परेर गर्भवती सोनिया सदाको गर्भ तुहिँदा पनि अपराधीलाई कारवाही नहुनुतथा उक्त गर्भको मोल ५ हजार तोकिएको जस्ता घटनाले मन निमोठिन्छ। पुस्तक पढ्दै गर्दा दुःख, पीडा, रोदन र ती आवेगसँग मिश्रित चित्कारहरू कैयौँ पटक सुन्न सकिन्छ। त्यस्तो असह्य पीडा कसैको नियति हुन सक्दैन।

पुस्तक पढिसिध्याउँदा मनमा अनेकौँ प्रश्न उब्जन पुग्छन्। आखिर को हुन् ती हजारौँ आमाहरूको दोषी जसले सुत्केरोमा गिठ्ठा खाँदा दूध नआएकाले आफ्नो छाती फुट्ने गरी आफैँलाई धिक्कारे होलान् र आफ्नो भाग्यलाई मात्र दोष दिए होलान् ? को हुन् ती सोनिया जस्ता असहायहरूको दोषी जो हत्या गर्दै पाँच हजारमा केश रफादफा गर्दै छाती फुलाउँदै हिँडे होलान् ? यी प्रश्नका उत्तर यदि कसैसँग भइदिएको भए शायद पार्वती र सोनियाजस्ता कैयन् आमाले थोरै भएपनि न्याय पाउँथे कि ?



प्रज्ञा पोखरेल

# महिला किसान र जलवायु अनुकूलित खेती



*सानो छ खेत, सानो छ बारी, सानै छ जहान*
*नगरी काम, पुग्दैन खान, साँझ र बिहान....*

• • •

*हिमाल हाँस्छ मिलाई सेता दाँतका लहर*
*किसान बनी जहान पाल्ने यो मेरो रहर*

माथिका केही हरफ महाकवि लक्ष्मीप्रसाद देवकोटाको किसानको रहर कविताबाट लिइएको हो । यस कवितामा किसान एउटा पुरुष पात्र छ र महिलालाई उसको सहयोगीका रूपमा चित्रण गरिएको छ । यस कवितामा भनिएजस्तै खेत बारीमा दुवै महिला पुरुषले श्रम गरे पनि त्यसको श्रेयचाहिँ पुरुषले जहान पाल्ने पात्र भई लिनु आमनेपाली समाजको हुबहु चरित्र हो । के आधाभूगोल ओगटेकामहिला साँच्चैनै सहयोगीमात्रै हुन् त ? प्रश्नको उत्तर भेट्न त्यति सजिलो छैन ।

मलाई यस प्रश्नले झन् बढी सोच्न बाध्य बनायो जतिबेला म सेवा र एसियाली किसान सङ्गठनले जलवायु अनुकूलित खेतीमा आधारित जीविकोपार्जनमा महिला किसानको योगदानको पहिचान र सुदृढीकरणशीर्षकमा आयोजितकार्यक्रममा सहभागी भई एसिया प्यासिफिक १४ देशका महिला किसानसँग रुबरु हुने मौका पाएँ ।

४-६ अक्टोबर, २०१७ सम्म भारतको अहमदावादमा एसियाली किसान सङ्गठन र सेवाले ३ दिने अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । सो कार्यक्रममा मलगायत राष्ट्रिय र जिल्ला भूमि अधिकार मञ्चबाट पनि सहभागिता थियो । कार्यक्रममा सहभागी देशकामहिला किसानले आआफ्नो देशमा आफूले गर्दै आएका सिर्जनात्मक अभ्यास आदान-प्रदान गरेका थिए । साथै सेवाले गर्दै आएका कार्यक्रमको पनि स्थलगत भ्रमण गराइएको थियो ।

कार्यक्रममार्फत किसानलाई सोलार प्यानल अनुदान, साना महिला किसानलाई रुडी नामको संस्था दर्ता गराएर बिचौलियालाई निरुत्साहित गर्ने र वनको जग्गा भाडामा लिई महिला किसानको कृषि र कृषि पर्यटनमार्फत जीविकोपार्जनमा पुऱ्याइरहेको सहयोग जस्ता सेवाले गरेका नवीन पहलहरूको स्थलगत भ्रमण गर्ने मौका पाइयो ।

सबै देशका महिला किसानका समस्या समान थिएनन् । देश र भूगोल अनि सामाजिक संरचनाअनुसार ती फरक थिए । श्रीलङ्काबाट आएकी किसान भन्थिन्- अरब देशमा घरेलु महिला कामदारको माग बढेकाले कृषिमा महिला सहभागिता घट्यो ।

सबैको प्रस्तुति एवम् विषयवस्तु पृथक भएकाले कार्यक्रम रोचक भयो । त्यस क्रममा महिला किसानले समूह बनाइ आआफ्नो क्षेत्रको कृषिमा महिलाको स्थिति र चुनौती आदान-प्रदान गरेका थिए । नीतिमा उल्लेख भए पनि निर्णायक तहमा महिलाको सहभागिता न्यून हुनु, घरभित्रै हुने स्रोत परिचालनमा महिलाको सहभागिता नहुनु, कृषिमा महिलाकरणका कारण कामको बोझ बढ्नु, कृषि औजारहरू महिलामैत्री नहुनु र भूमिमा महिलाको पहुँच नहुनु एसिया प्यासिफिक क्षेत्रका महिला किसानका मुख्य चुनौती रहेछन् ।

कृषिमा महिलाको भूमिकासशक्त बनाउन उनीहरूको क्षमता विकास, नीतिगत तहमा अर्थपूर्ण सहभागिता, कृषि उद्यम र यसका लागि सामाजिक अभियान अपरिहार्य रहेको छलफलको निष्कर्ष थियो । मुख्यतया छलफल तीन शीर्षकमा केन्द्रित थियो :

### १. खाद्य सुरक्षा र पोषणका निम्ति कृषि कार्यक्रममा महिलाको सहभागिता

खाद्य सुरक्षा र पोषणका निम्ति कृषि कार्यक्रममा महिलाको सहभागिता अति नै आवश्यक रहेको कार्यक्रमको निष्कर्ष थियो । यसका निम्ति यसलाई मलजल गर्नेखालका नीति निर्माण गर्नुका साथसाथै कार्यान्वयनमा पनि ध्यान दिनुपर्ने देखिन्छ । यसैगरी सरकारले देशभित्रै प्रशोधन केन्द्रहरू निर्माण गरी महिलालाई रोजगारका अवसर प्रदान गर्न सकिनेछ । हरेक देशको खाद्य सुरक्षा र पोषणका निम्ति कृषि कार्यक्रममा

महिला सहभागिता के/कस्तो छ भनी अध्ययन/अनुसन्धान अपरिहार्य रहेको छलफलको निचोड थियो।

### २. पोषण संवेदनशील जलवायु अनुकूलित खेती

यसका लागि स्थानीय स्तरमै बीउबिजनको सुरक्षा र त्यसका लागि बीउ ब्याङ्क विकासमा जोड दिनुपर्नेछ। साथै किसानलाई जलवायु अनुकूलित खेतीका लागि सचेतीकरण गरी उनीहरूको क्षमता विकास गनुपर्ने छलफलको अर्को निष्कर्ष थियो।

### ३. कृषि सहकारी र उद्यममा महिला किसानको सहभागिता

यसकालागि महिला किसानलाई एकै छानामुनि ल्याउनुपर्ने देखिन्छ। त्यसभित्र रहेर कृषि सहकारी निर्माण गरी महिलालाई कृषि उद्यमतर्फ उत्प्रेरित गर्न सकिनेछ। यसरी महिलालाई एकै छातामुनि ल्याएर उनीहरूको सक्रिय समूह निर्माण गरी उनीहरूलाई समाज रूपान्तरण संवाहकका रूपमा स्थापित गर्नुपर्नेछ।

### महिला सहभागिताको सुनिश्चितता

किसान सङ्गठनका हरेक निकायमा ५० प्रतिशत महिलाको सुनिश्चितताका लागि पैरवी गर्नुपर्छ। यसका अलावा महिला किसानको क्षमता विकासका लागि पनि उनीहरूलाई राजनीतिकरूपमा सचेत गर्नुपर्नेछ। सीमान्तकृत महिलालाई निर्वाचन प्रणालीमा समावेश गराई उनीहरूको सहभागिता पक्का गर्नुपर्नेछ।

समग्रमा एसिया प्यासिफिक क्षेत्रको सामाजिक, राजनीतिक, आर्थिक परिवेश फरक भए पनि महिला किसानको स्थिति र उनीहरूलाई हेरिने दृष्टिकोण मैले लगभग उस्तै पाएँ। उनीहरूको योगदानलाई घरपरिवारमात्र हैन, राज्यले पनि अवमूल्यन गरेको देखियो। जलवायु परिवर्तनले महिला किसान र परिवारको खाद्य सुरक्षामा मात्र नभएर उनीहरूको जीविकोपार्जनमा समेत चुनौती थपेको छ। यस अवस्थामा एसिया प्यासिफिक क्षेत्रको संयुक्त रणनीतिक योजना निर्माण, क्षेत्रीय स्तरमा ज्ञान विकास र व्यवस्थापनका लागि अध्ययन र अनुसन्धान, मुद्दामा आधारित पैरवी र कृषिमा परम्परागत प्रविधिको संरक्षणमा सहयोग पुऱ्याउनु नागरिक समाजको दायित्व हो।



विश्वास नेपाली

# म्यानमार भ्रमण केही सिकाइ

गत मङ्सिर पहिलो हप्ता। म्यानमारको राजधानी न्यापिटमा आयोजना भएको एसिया-प्यासिफिक देशहरूबाट वन र फार्म उत्पादक सङ्गठनहरूको क्षेत्रीय सम्मेलनमा सहभागी हुने अवसर मिल्यो। उक्त सम्मेलनमा सहभागी हुँदा र म्यानमारका विभिन्न क्षेत्र भ्रमण गर्दा केही सिकाइ हासिल भए।

सम्मेलनमा एसियाका १० भन्दा बढी देशको सहभागिता थियो। एफएओलगायत विभिन्न संस्थाको आयोजनामा भएको सम्मेलनमा एसिया क्षेत्रका विभिन्न देशका वन र यससँग सम्बन्धित सामुदायिक सङ्गठन र यस्ता सङ्गठनलाई सहयोग गर्ने संस्था गरी करिव ९४ जनाको सहभागिता थियो। कार्यक्रममा नेपालका तर्फबाट ८ जना सहभागी थियौँ। सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफन) बाट उपाध्यक्ष भीमप्रकाश खड्का, महासचिव भारती पाठक रकोषाध्यक्ष (हाल डोटी जिल्लाको दीपायल सिलगढी नगरपालिकाका मेयर) मञ्जु मलासी, पारिवारिक निजी वन सङ्घ, नेपालका अध्यक्ष-जोगराज गिरी, नेपाल घरेलु तथा साना उद्योग महासङ्घका उपाध्यक्ष हरिहर थापा, राष्ट्रिय कृषक महासङ्घ नेपालका अध्यक्ष उद्धव अधिकारी, आइयुसिएनबाट रक्षा शाह र राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालबाट म सहभागी थियौँ। जुन भ्रमण १६-२३ नोभेम्बर, २०१७ मा भएको थियो।

सम्मेलन मुख्यगरी स्थानीयस्तरमा रहेका सामुदायिक, निजी र सरकारी वन क्षेत्रको अधिकतम् उपयोग गरी त्यसबाट स्थानीयस्तरका बासिन्दाले अधिकतम आर्थिक फाइदालिन सक्छन् र यस्तो कार्यको विकास गर्नका लागि यस क्षेत्रमा क्रियाशील संस्थाहरूको भूमिका के/कस्तो हुन सक्छ भन्नेमा केन्द्रित थियो। वन प्रयोगकर्तादेखि उत्पादकहरू र यससँग सम्बन्धित उद्यम तथा व्यवसायहरूलाई कसरी वृद्धि गर्दै लान सकिन्छ भन्ने विषय सम्मेलनको मुख्य सवाल थियो। यसअघि पहिलो सम्मेलन सन् २०१६ मा थाइल्यान्डमा आयोजना भएको थियो।

सहभागीलाई सो अवसरमा म्यानमारको विभिन्न राज्यको भ्रमण पनि गराइएको थियो। त्यहाँका स्थानीयले सामुदायिक तथा सरकारी वन क्षेत्रको जग्गा कसरी उपयोग गरी व्यवसाय प्रवर्द्धन गर्दैछन्, उनीहरूको जीविकोपार्जनसँग यो कसरी जोडिएको छ भन्ने विषयमा अनुभव आदान-प्रदान गरिएको थियो।

सामुदायिक वन र खेती व्यवसाय, पछिल्लो समय बढ्दै गएको जलवायु परिवर्तनको असरलाई कम गर्नुपर्ने जस्ता विषय पनि त्यहाँ उठे। यसले वातावरणको पारिस्थितिकीय पद्धतिलाई सन्तुलनमा राख्नुका साथसाथै समुदायलाई आर्थिकरूपमा सवल र सक्षम बनाउनका लागि महत्वपूर्ण भूमिका खेल्ने बताउँदै एसिया क्षेत्रका विभिन्न देशमा यस्ता अभ्यास सुरु पनि भएका जानकारी दिइएको थियो।

स्थानीयस्तरका सामुदायिक तथा सरकारी वन क्षेत्रको अधिकतम् जमिन प्रयोगबिहीनहुन्छन् । यस्ता जमिन स्थानीयलाई संरक्षण र उपभोग गर्द दिएमा त्यसबाट प्रत्यक्षरूपमा स्थानीयबासीको जीविकोपार्जन र आर्थिकस्थिति सुधारमा मद्दत पुग्छ । साथै मुलुकको राष्ट्रिय आय वृद्धिमा समेत योगदान पुग्न सक्छ । एकातर्फ खेर गइरहेको जमिनमा हरियाली वृद्धि भई उत्पादन वृद्धि हुन्छ भने अर्कोतफ विश्वमा बढ्दै गएको जलवायु परिवर्तनको असर कम गर्न पनिमद्धत पुग्छ । स्थानीय स्रोतको अधिकतम् उपयोग भई स्थानीयबासीको आर्थिक अवस्था सुधार हुँदै जाँदा यसले दिगो विकासको लक्ष्य पूरा गर्न/गराउन पनि भूमिका खेल्न सक्छ । यसकारण यस्ता क्षेत्रको उपयोग र यस क्षेत्रका क्रियाशील उद्यमी, उद्यम र संस्थाहरूको क्षमता विकास गर्दै जानु आवश्यक छ भन्ने मुख्य विषयवस्तुमा यो सम्मेलन घुमेको थियो । र, सम्मेलनको उद्घोष पनि यही थियो ।

सम्मेलनमा सहभागी देशका प्रतिनिधिबीच आआफ्नो देशका अभ्यास र अनुभव आदान-प्रदान गर्ने, विभिन्न देशमा सञ्चालन भइरहेका सामुदायिक उद्यमहरूले बढ्दो जलवायु परिवर्तनको असर कम गर्न र दिगो विकासको लक्ष्य पूरा गराउनके/कस्तो भूमिका खेलेको छ भन्ने विषयमा अनुभव आदान-प्रदान भएको थियो । साथै आगामी दिनमा यसलाई अझ बढावा दिन नीति तथा कार्यान्वयन तहमा के/कस्ता सुधार गर्नुपर्छ र योजनाहरू बनाउनु आवश्यक छ भन्ने विषयमा सम्मेलनले सुझाव दिएको छ ।

सम्मेलनलाई २ चरणमा विभाजन गरिएको थियो-पहिलो, फिल्ड भ्रमण । दोस्रो, कार्याशाला छलफल । १७ देखि १९ नोभेम्बरसम्म म्यानमारको मिटियना जिल्लाको विभिन्न स्थानमा समुदाय तहमा भ्रमण गराइएको थियो भने २०-२२ नोभेम्बरमा म्यानमारको राजधानी न्यापिटमा सम्मेलन गरिएको थियो । यस्तै २१ नोभेम्बरमा न्यापिट नजिकै फिल्ड भ्रमण गराइएको थियो । अन्तिम दिन पुनः न्यापिटमा सम्मेलन भएको थियो र फिल्ड भ्रमणको समीक्षालगायत विभिन्न प्यानल डिस्कसन गरी सिकाइ अनि चुनौतीमाथि छलफल गरियो । साथै आगामी दिनमा गर्नुपर्ने कार्यका लागि सिफारिसहरू पनि गरिएको थियो ।

सम्मेलन म्यानमारका प्राकृतिक स्रोत तथा वातावरणीय संरक्षण मन्त्री एचइयु ओन विनले उद्घाटन गरेका थिए । ब्यानर उद्घाटन गर्ने वा मैन बत्ती बाल्ने जस्ता केही काम भएन । मात्र मन्त्रीले सम्मेलनका विषयमा केही बोलेर उद्घाटन गरे ।

विभिन्न देशमा भइरहेको सामुदायिक वन क्षेत्रको उपयोग, त्यसबाट स्थानीय समुदायलाई पुगिरहेको फाइदा, त्यसबाट स्थानीयको आर्थिक अवस्थामा पुगेको सुधार, फार्म सञ्चालन, खेती विकास र विस्तार र उत्पादितसामग्रीको बजारीकरणका लागि भइरहेका प्रयास जस्ता विषयमा सहभागी देशका प्रतिनिधिले आआफ्नो देशको अभ्यास र अनुभव सुनाएका थिए । मुख्यगरी वन क्षेत्रको संरक्षण, वन क्षेत्रको जग्गाको उपयोग, वनबाट उत्पादन हुने विभिन्न हस्तकला र फार्म उत्पादन तथा त्यसको बजारीकरणका अभ्यासले प्रस्तुतिमा स्थान पाएका थिए । यस्ता क्षेत्रमा चिया, कफी खेती, फर्निचर, खाद्यान्न उत्पादन भइरहेका जानकारी मुख्य थिए । जसबाट आदिवासी र स्थानीयको जीविकामा सहजता ल्याउन ठूलो मद्दत पुगेको रहेछ । आआफ्नो देशका उत्पादन पनि सम्मेलनको प्रदर्शनीमा राखिएका थिए ।

**स्थानीयस्तरमा गाउँ भूमि अधिकार मञ्च, कृषक समूह, सामुदायिक सङ्गठनहरूलाई पनि सामुदायिक वनको सदस्य बन्नका लागि उत्प्रेरित गर्न आवश्यक छ । यसले उनीहरू पनि वनजन्य आर्थिक क्रियाकलापमा सहभागी हुने अवसर पाई आफ्नो जीविकोपार्जनमा सुधार ल्याउन सक्छन् ।**

नेपालबाट सहभागीमध्ये सामुदायिक वन उपभोक्ता महासङ्घकी महासचिव भारती पाठकले नेपालमा भइरहेको अभ्यास र उपलब्धि प्रस्तुत गरेकी थिइन् । यस्तै फेकोफनकै कोषाध्यक्ष एवम् डोटीस्थित दीपायल सिलगढी नगरपालिकाकी मेयर मञ्जु मलासीले अनुभव र सङ्घर्षका क्षण सहभागीबीच सुनाएकी थिइन् । नेपाल घरेलु तथा साना उद्योग महासङ्घका उपाध्यक्ष हरिहर थापाले नेपालमा भइरहेको घरेलु उद्योगको विकासक्रम र यसको सरकारी नीति तथा कानुनी प्रावधानबारे प्रस्तुति गरेका थिए ।

म्यानमारमा भूमि मुख्यतया उद्योग खोल्न, सरकारी कार्यालय तथा भवन निर्माण गर्न, प्राकृतिक सम्पदाहरूको संरक्षण गर्न र खेतीपातीका लागि प्रयोगमा ल्याइएको छ । म्यानमार विकासको चरणमा अघि बढीरहेको हुँदा सरकारले पनि यस्तो कार्यलाई प्राथमिकता दिइएको रहेछ । लामो समय चलेको सैनिक शासनका बेला करिव २० लाख एकड जमिन प्राइभेट सेक्टरका लागि विभिन्न उद्योग तथा कलकारखाना खोल्न वितरण गरेको रहेछ । यसका लागि केही आदिबासी समुदायको पनि जग्गा अधिग्रहण गरिएको रहेछ । दोस्रो विश्वयुद्धपछि स्वतन्त्र भएको म्यानमारमापछि सैनिक शासन लागु हुँदा जग्गासँग सम्बन्धित कागजात किसानबाट खोसेर राज्यले लिएको रहेछ । पछि पुनः केही किसानलाई उक्त कागजात फिर्ता गरिएको रहेछ । म्यानमारमा पनि जमिनमा आदिबासी किसानको स्वामित्व स्थापित हुनुपर्नेबारेछलफल र बहस सुरु भएका रहेछन् ।

### केही सिकाइ

- नेपालमा सामुदायिक वन अन्यत्रभन्दा बढी उपयोगमा आएका छन् । स्थानीयस्तरमा समुदाय आफैँले उपभोक्ता

भ्रमण

समिति बनाएर यसको व्यवस्थापन गरेका छन् । नेपालका विभिन्न ठाउँमा रहेका सामुदायिक वन समितिलाई पनि उत्प्रेरित गरी आर्थिक आम्दानी हुनेखालका गतिविधिमा लगाउनसकिन्छ ।

- स्थानीयस्तरमा गाउँ भूमि अधिकार मञ्च, कृषक समूह, सामुदायिक सङ्गठनहरूलाई पनि सामुदायिक वनको सदस्य बन्नका लागि उत्प्रेरित गर्न आवश्यक छ । यसले उनीहरू पनि वनजन्य आर्थिक क्रियाकलापमा सहभागी हुने अवसर पाई आफ्नो जीविकोपार्जनमा सुधार ल्याउन सक्छन् ।
- गाउँ/समुदाय तहमा रहेका सामुदायिक वन समितिहरूलाई पनि वन संरक्षणसँगै वनबाट नगद आम्दानी लिन सकिनेखालका काष्ठजन्य र गैरकाष्ठजन्य, जडीबुटी उत्पादनका कार्यमा उत्प्रेरित गर्नु आवश्यक छ । यसका लागि स्थानीयस्तरमा रहेका गाउँ भूमि अधिकार मञ्च र कृषक समूहलाई पनि सहभागी गराउनुपर्छ ।
- सामुदायिक वन तथा वन क्षेत्रको प्रयोगहीन जमिन वा सरकारी वा ऐलानी क्षेत्रको जमिन सरकारले ५० वर्षका लागि लिजमा दिने नीति नेपालमा पनि लागु गरेको हुँदा त्यस्तो क्षेत्रका जग्गा खोजी गरी उपयोगमा ल्याई समुदाय तथा सदस्यको आर्थिक स्रोत तथा आम्दानी वृद्धि गराउन सकिन्छ । यसबाट सामुदायिक व्यवसाय र उद्यम सुरु गराउन पनि सकिन्छ ।
- सामाजिक आन्दोलन लामो समय चल्ने भएको हुँदा यसलाई जीवन्त र क्रियाशील बनाइराख्न सदस्यहरूलाई आर्थिक आम्दानी हुने र जीविकोपार्जन सहज हुनेखालका कार्यक्रममा जोड्नु आवश्यक छ ।
- समुदाय तहमा सञ्चालन गरिने यस्ता क्रियाकलाप आर्थिक उपार्जनसँग जोडिने भएको हुँदा यसले स्थानीय तहमा समुदायलाई रोजगारीमा जोड्छ भने जिडिपीमा समेत योगदान पुग्छ ।
- यो सामुदायिक व्यवसाय हो । यसमा जतिसक्दो बढी समुदायका मानिसलाई सहभागी गराउनुपर्छ । साथै यसका लागि स्थानीय तहमा रहेका सरकारी तथा निजी क्षेत्रहरूसँगसहकार्य गर्न सकिन्छ ।



**ल्यामबहादुर दर्जी**

# फिलिपिन्सका सोरो सहकारी

यही मङ्सिर १३ गते एसियाली किसान सङ्गठनको ३६औं बैठकमा सहभागी हुन फिलिपिन्स गएको थिएँ । मङ्सिर १५ गते सहकारीबारे तालिम लियौं । आफ्नो देशमा भएका सहकारीको अवस्था र राज्यका नीतिहरूबारे छलफल भयो ।

सहजकर्ता क्रिसले सहकारीलाई बलियो बनाउन पैसा होइन, सोचाइ चाहिन्छ भने । क्षमताको विकास चाहिन्छ, पैसा छ क्षमता छैन भने सहकारी चल्दैन पनि भने । आफ्नाको ५ वर्षे रणनीतिभित्र मुख्य सवालमध्ये सहकारीको विकास पनि राखिएको छ । दिगो विकास लक्ष्यमा पनि सहकारीलाई जोड दिइएको छ । सहकारी बनाउँदा, छुट, सेवा, सहयोग पहिल्यै विचार गरिनुपर्छ । हामीले पनि सहकारीबारे नेपालमा कस्तो अवस्था छ र अबको योजना के त भन्नेबारे प्रस्तुत गर्‍यौं ।

दोस्रो दिन दुई समूहमा बाँडिएर ४८ वर्ष पुरानो सोरो सोरो ईवावा विकास सहकारी हेर्न गयौं । यो सहकारी १९६९ मा स्थापना भएको रहेछ । जहाँ सहकारी बन्यो त्यो गाउँ गरिब थियो । बाटो थिएन, स्कुल टाढा थियो । सहकारी सुरुवात गर्दा ५९ जना सदस्य रहेछन् । हाल यस्ता सदस्य २७ हजार पुगेछन्। ११ हजारबाट सुरु गरिएको सहकारी हेर्दाहेर्दै २ अरबको भएछ । आफ्ना सदस्यलाई जे चाहिन्छ सहकारी त्यही दिन सक्ने अवस्थामा पुगेछ । सदस्यहरूका समस्या समाधान गर्न सहकारी निर्माण गरिनु पर्दोरहेछ । सहकारी सदस्यहरूको जीवनसँग जोडिएमात्र त्यसले गरिखान्छ भन्ने बुझाइ भयो । तब न सदस्यहरूप्रेमपूर्वक सहकारीमा जोडिन्छन्। सोरो सहकारीले आफ्ना सदस्यलाई ब्याङ्कमा भन्दा सरलतवरले ऋण दिने रहेछ । साथै खेतीपाती, घर बनाउने, व्यवसाय गर्ने, पशुपालन गर्ने सबै कुरामा सहयोग गरे पनि वातावरणीय पक्षलाई भने ध्यान दिनुपर्दो रहेछ । यस्ता रहे थप सिकाइ :

- पहिला बचत, दोस्रो ऋण हो । आफ्नो पैसा आफैं ऋण लिने हो । साहू आफैं ऋणी आफैं हुने ।
- योजना सानोबाट सुरु गर्ने तर जे योजना बनाउने हो त्यसबारेमा सदस्यलाई शिक्षा दिने ।
- सबै सदस्यले एउटै व्यवसाय नगर्ने । व्यवसायलाई विविधीकरण गर्ने । व्यवसाय गर्दा बजारमा उपभोक्तालाई केको खाँचो छ, के माग बढी छ भनेर ध्यान दिने मात्र नभई उपभोक्ताबीच परामर्श पनि गर्ने ।
- सदस्यलाई माया, प्रेम र सहकार्यको खाँचो छ । बचत, ऋणमात्र नभई कार्यसमितिले सदस्यलाई माया गर्न पनि सक्नुपर्दोरहेछ ।
- किसान, पशुपालन, मल, उत्पादन, प्रशोधित, खाद्यपदार्थ, बजार फेरि व्यवसाय, आफ्नै रोजगारी, आफ्नै उन्नत जीविका बनाउनु पर्दोरहेछ ।



डा.सुरेश तामाङ

# सामूहिक स्वामित्वमा निजी जमिन

हिमालपारिका २ जिल्लामध्ये मनाङको चामेदेखि उत्तर पश्चिम उपल्लो मनाङसम्मको यात्रा भने निकै रोमाञ्चक र अविश्मरणीय रह्यो। लमजुङको सदरमुकाम बेसिसहरबाट मर्स्याङ्दी नदी (जुन तिलिचो तालबाट उत्पत्ति हुन्छ) को तिरैतिर त्यसलाई नछाडी गएपछि मनाङ गाउँ पुगिन्छ।

साविकको सात गाउँहरूको एकमुष्ट नाम उपल्लो मनाङ हो। जसमध्ये मनाङ गाउँ सबैभन्दा ठूलो गाउँ पनि हो। माथिल्लो मनाङमा गुरुङ र घलेको बसोबास छ। तर चामेवरिपरि अलि बढी भोटे (लामा) तथा तल्लो क्षेत्रका गाउँहरूमा प्रायः गुरुङको बस्ती छ। नेपालको सबैभन्दा कम जनसङ्ख्या भएको जिल्ला मनाङ हो। जनगणना २०६८ अनुसार करिब ६५०० जनसङ्ख्या रहेकामा सरकारी तथ्याङ्कमा र हालै निर्वाचनमा अद्यावधिक सूचीबीच तालमेल नभएको स्थानीय जनप्रतिनिधिको गुनासो छ।

सडकले आंशिकरूपमा जोडिएका सीमित गाउँहरू र मौसमी यातायातबाहेक अझै पनि पैदल यात्रा, घोडा, खच्चडमा भर पर्नुपर्छ। धार्मिकरूपमा बौद्ध धर्मावलम्बीहरू भए पनि तल्लो र उपल्लो मनाङबासीको भाषा भने फरक छ। तामाङ र गुरुङ भाषासँग धेरै मेल खाने उपल्लो मनाङको भाषा र भोटे भाषासँग मिल्ने तल्लो मनाङको भाषामा अन्तर छ। तल्लो र उपल्लो मनाङबासीबीच विवाहवारी भने चल्छ।

स्थानीय प्राकृतिक स्रोतमा धनी यस जिल्लामा जल, जङ्गल र जमिन अझै पनि प्रचुर मात्रामा छ। घरायसी प्रयोजनबाहेक काठपात काट्न, ओसारपसार गर्न र बिक्री गर्न बन्देज छ। यहाँको जमिन भने खासै ऊर्वर छैन। वर्षमा ३ देखि ४ महिनामात्र खान पुग्ने अन्न यहाँ उत्पादन हुन्छ, बाँकी दैनिक जीवनका लागि चाहिने सबै खाद्यान्न बाहिरबाटै आउँछ। तसर्थ माथिल्लो भेगका मानिस पुर्ख्यौलीरूपमै व्यापारमा (नेपाल मात्र नभई दक्षिण पूर्वी एसियाका विभिन्न देशसम्म) सफल भएको इतिहास छ। तल्लो भेगमा धान, मकै, दाल आदि बाली हुन्छन् भने माथिल्लो भेगमा जौ, फापर र आलु प्रमुख बाली हुन्। हालै आयातीत हरित गृह प्रविधिबाट केही तरकारीसमेत उत्पादन हुने गरेकोछ। पशुपालनमा खासगरी चौरीगाई र भेडा च्याङ्ग्रा आदि पाल्ने चलन पनि अझै कायम छ।

कृषि र पशुपालनका अलावा पर्यटनबाट यहाँको अर्थतन्त्र चल्छ। मनाङ गाउँमा मात्र १४ वटा ठूला साना होटल तथा लज छन् जसमा ५०० भन्दा बढी पाहुना अटाउँछन्।

चारैतिर हिमाल र हरिया पहाडले घेरेको सुन्दर मनाङ एकपटकको भ्रमणमा बुझ्न कठिन छ। यहाँका बासिन्दामा धार्मिक र साँस्कृतिक हिसाबले उत्तर भोट र तिब्बतको प्रभाव देखिन्छ। हरेक घरमा रङ्गीचङ्गी धर्चु र लुङदा राख्ने चलन छ। हरेक गाउँको सुरु र अन्त्यमा ठूलो छ्योर्तेनले स्वागत र बिदाइ गर्ने गरेको देखिन्छ। भूतप्रेतबाट गाउँलाई बचाउने र माने खोर्लो, ठूला र लामा चौताराले हरेक गाउँको शोभा बढाएका छन्।

स्याउ उत्पादनको उच्च सम्भावना रहेकाले युवा उद्यमी युवराज गुरुङले एसियाकै सघन खेती प्रविधिमा आधारित 'एग्रो मनाङ'नामको विशाल फार्म सुरुवात गरेका छन्। करोडौं लगानी गरेर करिब ७०० रोपनी जग्गा करारमा लिइ ३ प्रकारका स्याउ उत्पादन थालेकाछन्। उनको भनाइमा पनि यी स्याउ प्राङ्गारिक भने होइनन्। उनी आवश्यक मलखाद र रसायन प्रयोग पनि गर्छन्। यो फार्मको जग्गा हाल पनि सात गाउँको नाममा सामूहिकरूपमा दर्ता छ र २७ वर्षका लागि एग्रोमनाङलाई करारमा दिइएको छ।

यहाँको परम्परागत शासन व्यवस्था र स्रोत परिचालन विधिहरू अझै अनौठा छन्। हरेक कुरामा सामूहिक छलफल र निर्णय गर्ने प्रथा कायमै छ। 'मि थेवा' अर्थात ठूला मान्छेको एक उच्चस्तरीय 'गाउँ सभा' अर्थात 'पान्चोङ्गबा'चुन्ने चलन अद्यावधि कायमै छ। यो सातवटै गाउँबाट २-२ जना प्रतिनिधि चयन (निर्वाचन) गरी बन्ने सभा हो। हालै निर्वाचित जनप्रतिनिधिहरू पनि 'मि थेवा' भएको कुरा निस्याङ गाउँपालिकाका अध्यक्ष कान्छा घले बताउँछन्। यसरी परम्परागत शासन व्यवस्था जुन सामाजिक र साँस्कृतिकरूपमा अति नै श्रद्धेय छ। तर नेपालको प्रचलित कानुनबमोजिम भने यस्ता थिति विवादास्पद पनि हुन सक्छन्।

मनाङ नेपालको एकमात्र यस्तो जिल्ला हो जहाँ सामूहिक स्वामित्वमा निजी जमिन राख्ने चलन छ। उनीहरू संसारभर व्यापा। र र अन्य पेशामा सफल पनि छन्। यहाँ भूमिहीन, सुकुमबासी र अति विपन्न मान्छे लगभग छैनन्। भूमि अधिकारको कुरा गर्दा ताल गाउँ र ढिकुरपोखरीमा बसोबास गर्ने केही परिवारसँगजमिनको लालपुर्जा छैन। तर पयर्टन र होटल व्यवसायबाट उनीहरूको जीविका भने राम्रोसँग चलेको छ। यहाँ हालसम्म कुनै प्रकारका भूमिसम्बन्धी विवाद र मुद्दा पनि छैनन्। तर कसैसँग जमिन कम वा नहुँदा पनि आयस्रोतको अन्य विकल्प हुँदा जीवन राम्रोसँग चल्दोरहेछ।



विनोद गौतम

# चारघरेबाट फर्केर

महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका पूर्व-पश्चिम राजमार्गबाट करिब ७ किलोमिटर टाढा एउटा टोल छ, चारघरे । जङ्गलले घेरिएको एउटा बेदर्ता जग्गामा केही थान घर छन् । कोही स्याउलाबाट उठ्दै खरसम्म पुगेका छन् । कोही खरबाट उठ्दै जस्तासम्म पुगेका छन् । मलाई कुनै अनौठो नाम सुन्दा त्यसको उत्पत्तिमा हठात् प्रश्न गर्न मन लाग्छ । त्यही भएर मैले चारघरे गाउँ भूमि अधिकार मञ्चका अध्यक्ष नेत्र कार्कीलाई सोधेको थिएँ- यो टोललाई किन चारघरे भनिएको होला ? उनले एउटा लामो कहानी सङ्क्षेपमा सुनाए ।

वि.सं. २०६४ सालभन्दा अघि यो टोलमा जम्मा चारवटा घर थिए । सालको रुखले घेरिएका ती घर लुप्त जस्तै थिए सबै आ–आफ्नै घरमूलीका नाममा दर्ता भएका । २०६४ को एकरात गाउँमा डाँका लाग्यो । काठ तस्करीका लागि आएका डाँकाले काठमात्रै चोरेनन् । चारघरका भेटेजति सबै सदस्यलाई मरणासन्न हुनेगरी कुटे । अचेत बनाएपछि घरमा भेटेका सामग्री लिएर गए । सधैँ भेटिने चारघरका सदस्यहरू नजिकै भएर पनि भेटिएनन् । ती अचेत थिए । नजिकै रहेका छिमेकी आएर उनीहरूलाई औषधोपचारको व्यवस्था गरे । अप्ठेरो पर्दा त हो छिमेकी चिनिने । अरू बेला खासै हेलमेल नहुने अलिपरका छिमेकी चारघरेका देउता भएर निस्के । तिनले सबैको उपचार गरे । डाँका समाउनका लागि उजुरी गर्न सहयोग गरे ।

तर डाँका भेटिएनन् वा भेटिए पनि चिनिएनन् । घाउ लागेकाहरू उठ्न थाले । घाउ लगाउनेहरूको कुन्नि के भो, थाहा भएन । घटनापछि चारघरेबासीलाई महसुस भयो, छिमेकी नहुँदा शत्रु बलिया हुन्छन् । ती सबै मिलेर नजिकैको फाल्तु जग्गालाई उपयोग गर्ने निर्णय गरे । बर्दिवासका सडकमा दिनभर काम गरेर बेलुका हातमा प्लास्टिकको पोको बोकेर डेरा फर्किने एक हुल मानिसलाई उनीहरूले सोधे, तिमीहरूको घर कहाँ हो?बेघरवालालाई गिज्याउने प्रश्न थियो त्यो । थोरै चोट पुर्‍याउने प्रश्न थियो । तिनीहरूले जे थियो सो भने । नजिकैको फाल्तु सरकारी जग्गामा स्थानीय भूमि अधिकार मञ्चका सदस्य चारघरेबासीले घर बनाउन सहयोग गरे ।

आफ्नै घरमा बस्ने सपनामात्रै देखेका ती डेरावालाहरूका आ-आफ्नै पाराका २५ घर ठडिए । दिनभर काम गरेर दुईछाक खान र भाडा तिर्न ठिक्क हुने पैसा तिनले आफ्ना सन्तानका लागि खर्च गरे । तिनका घरमा पनि दसैँ आउन थाल्यो । ती तिहारमा देउसी खेल्न थाले । त्यहाँ छठमा खजुरी पाक्न थाल्यो । चारघरेबासी ढुक्कले निदाउन थाले । डेरावालहरूको घर आफ्नो भएपनि जग्गा आफ्नो थिएन । नेपालको कानुनले बेदर्ता जग्गामा निर्माण भएको घरलाई मान्यता दिँदैन ।

घर भएपछि तिनलाई घरसँग जोडिने अन्य कुराको आवश्यकता भयो । चारघरेमा राति झलमल्ल बत्ति बल्थ्यो । तिनको घरमा हावाबाट जोगाएर मधुरो टुकीमा मट्टितेल थप्दै सलेदो तान्नुपर्ने बाध्यता थियो । सरकारले आफ्नो नाममा पुर्जा नभइकन नागरिक नठान्ने कुरा तिनले त्यतिबेला बुझे जतिबेला तिनलाई घरमा विजुलीको मिटर राख्न जग्गाधनी पुर्जा लिएर आउन भनियो । आफूले थाहै नपाएदेखि पीडित भएका तिनलाई झन् पीडा भयो । ती सबै स्थानीय भूमि अधिकार मञ्चका सदस्य थिए । विस्तारै तिनले आफ्ना समस्याबारे समूहमा छलफल गर्न थाले । बेदर्ता जग्गावाला पनि नेपाली नागरिक हुन् भन्ने तिनलाई महसुस हुँदै गयो । भाग्यलाई दोष दिनेहरूले बुझे, कर्मले भाग्य निर्धारण गर्छ ।


समाजले मान्यता नदिनुको पछाडि आर्थिक सशक्तीकरणको पाटो कमजोर हुनु पनि हो भन्ने तिनलाई महसुस भयो । सामूहिकरूपमा ती इनार खन्नका लागि जागरुक भए । सामूहिक पर्धैंरो भयो भने दुःखसुख साट्न पाइन्छ । बचेको समय भूमि प्राप्तिको आन्दोलनमा लगाउन पाइन्छ । तिनले एकता नै बल हो भन्ने कुरा बुझ्दै गए । समय बित्दै गयो । यसबीचमा चारघरे बस्ती चारघरबाट ६३ घरसम्म पुगिसकेको थियो । भूमिहीनको भोटबिना चुनाव जित्न नेताहरूलाई गाह्रो हुन थाल्यो । कहिल्यै नदेखिएका अनुहारहरू चुनाव आउन लाग्दै गर्दा हात जोड्दै चारघरे टोलमा आए ।

उनीहरूले जे भन्दा आफ्नो पक्षमा भोट आउँथ्यो त्यही भने- ‘यो जग्गा मैले चुनाव जितेँ भने सम्बन्धित व्यक्तिको नाममा दर्ता गर्दिन्छु ।’ यतिबेलासम्म दुईवटा चुनाव सक्किसकेको थियो । चुनाव जितेपछि नेताले के बोलेँ भन्ने नै बिर्सिए । भूमिहीनहरूले भने उनीहरूले बिर्सिएको कुरा सधैँ सम्झिरहे । यसैबीचमा नयाँ संविधान निर्माण भयो । भूमिहीनको आफ्नो जग्गा नभए राज्यले उपलब्ध गराउनुपर्छ भन्ने महत्वलाई संविधानले थोरै भए पनि सम्बोधन गर्‍यो । संविधानकार्यान्वयन गर्न स्थानीय तहको चुनावमा भोट माग्न गाउँमा फेरि हात जोड्दै नेताहरू आए । तिनले सामूहिकरूपमा भने- ‘अब लिखित प्रतिबद्धता नजनाए हामी भोट हाल्दैनौँ । ’ तिनका सिरानमुनि आज सबै दलले भूमिहीनलाई जग्गा धनीपूर्जा उपलब्ध गराउँछौँ भनेर सही गरेको सानो कागज सुरक्षित छ ।

सो कागजसँगै छ जग्गा प्राप्ति आधारपत्र र मतदाता परिचयपत्र। ती आज मासिक १० रुपैंयाका दरले आन्दोलन कोषमा रकम जम्मा गर्छन्। कुनै सदस्यलाई साह्रोगाह्रो परेमा सोही कोषको रकम बेलाबेला खर्च हुन्छ। गाउँको एक छेउमा माछा पोखरी छ, त्यहाँबाट उत्पादित माछा ती बिक्री गर्छन् र लगानीअनुसारको रकम बाँडफाँट गर्छन्। उनीहरूको आफ्नै सहकारी छ- हातेमालो कृषि सहकारी। प्रत्येक महिना प्रत्येकलेसय रुपियाँ जम्मा गर्छन्। जुन रकम १ लाख १२ हजार नाघिसकेको छ। उनीहरू सो रकम जग्गा प्राप्ति र आर्थिक सशक्तीकरणका लागि व्यावसायिक काममा लगानी गर्ने सोचमा छन्।

चारघरे भूमि अधिकार मञ्चका सचिव टुकबहादुर मम्राङ्गी सुनाउँदै थिए- 'यदि कुनै साथीसँग जम्मा गर्न पैसा भएन भने हुनेले हालिदिने चलन छ, अनि जसको हालिदिएको हो उसले पछिल्लो महिना दुवैको तिरिदिन्छ।'धानखेतमा बनी गर्न जानेहरू हरेक वर्ष मौसमी बाली सङ्कलन गर्छन्। हरेक घरले पाँच किलो धान वा अरू अन्न सङ्कलन गर्छन्। कसैको घरमा विपत्ति परेमा त्यसरी सङ्कलित अन्न उसलाई हस्तान्तरण गर्छन्।

अहिलेसम्म६३ घर पुगेका उनीहरूबीच कहिल्यै झगडा परेको छैन। झगडा गर्नुपरे ती ६३ जना नै एक भएर सरकारसँग गर्छन्, जग्गा पाउनका लागि। तिनलाई थाहा छ, आफू झगडा गरे शत्रु बलिया हुन्छन्। मैले गोधूलि साँझमा हात जोड्दै उनीहरूलाई भनेको थिएँ- यहाँहरूको आन्दोलनले चाँडै सार्थकता पाओस्। तिनले आशावादी हुँदै जवाफ फर्काएका थिए- 'एक दिन हामीसँग पनि धनीपुर्जा हुन्छ भन्नेमा हामी ढुक्क छौँ।' तिनको घरमा आशाको दियो बल्नुअघि म भने सालघारीको ओझेल परिसकेको थिएँ। ✿



शुभराज चौधरी

# भूकम्प प्रभावित क्षेत्रको भ्रमण

कात्तिक तेस्रो साता केही भूकम्प प्रभावित क्षेत्रको भ्रमण गरियो। मकवानपुर, सिन्धुली र काभ्रे जिल्लाका विभिन्न गाउँ पुगी त्यहाँका भूकम्प प्रभावित घर/परिवारसँग छलफल पनि गरियो। भूमि अधिकारका सवालमा केही अनुभव भए पनि भूकम्पको सवाल मेरा लागि नौलो थियो। त्यसैले पनि म यस फिल्ड भ्रमणमा निकै उत्साहित र जिज्ञासु पनि थिएँ। भूकम्प र पुनर्निर्माणसँगै केही व्यावहारिक कुरा गर्दै बल्खुदेखि हेटौँडातर्फ हामी (नरिराम लोहार र म) लागेका थियौँ। बेलुकी हेटौँडा पुगेर जिल्ला भूमि अधिकार मञ्चको सचिव मीरा स्याङ्तानसँग फिल्ड भ्रमणबारे छलफल गर्‍यौँ।

भोलिपल्ट मकवानपुरको छतिवनमा जिल्ला मञ्चका अध्यक्ष टङ्कप्रसाद चौलागाईसँग भेट गर्‍यौँ। करिव एक घण्टाको पैदल हिँडाइपछि अठार बिघा भन्ने गाउँमा पुग्यौँ। अठार बिघामा ऐलानी जग्गामा ३० परिवार बसोबास गरेका रहेछन्। उनीहरू सबै भूकम्प प्रभावित। वि.स. १९९३ भन्दा अघि माझी समुदाय यस ठाउँमा बस्न सुरु गरेका रहेछन्। १९९३ मा बकैया ठाकुर खोलामा बाढी आएपछि ७० परिवारमध्ये ४ परिवार मात्र बाढीबाट जोगिएका रहेछन्। बाढीले माझीलाई विस्थापित गरेपछि भीमजङ्ग थापाले अन्य समुदायलाई यस ठाउँमा ल्याएर बसोबास गराएका रहेछन्।

वि.सं.२०५२ मा सिँचाइ विभागले १ करोड १३ लाख रुपियाँको लगानीमा बकैया ठाकुर खोलामा बाँध र ऐलानी जग्गामा नहर निर्माण गर्न सहयोग गरेको रहेछ। यसै नहरबाट करिव ७५ बिघा ऐलानी जग्गाको खेतमा सिँचाइ हुँदै आएको थियो। तर दुःखको कुरा सोही वर्षको साउन २५ र २६ गते अविरल वर्षाले बाँध र नहर क्षति भएको रहेछ। २०७२ वैशाख १२ गतेको भूकम्पले घर पूरै नभत्किएको भएपनि बस्न नमिल्ने गरी क्षति भएको रहेछ। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट प्राविधिकले घरको सर्वेक्षण गरेर निस्सा दिएको रहेछ। वडा कार्यालयको सिफारिसमा गाउँपालिका र भूकम्पबाट घर क्षति भएका परिवारबीच अनुदान सम्झौता भएको रहेछ। सम्झौतामा ऐलानी जग्गामा घर बनाउन नमिल्ने, उक्त ऐलानी जग्गा छाड्नुपर्ने, अन्यत्र रैकर जग्गा किनेर घर बनाउने, यसका लागि सरकारले घर बनाउने जग्गा किन्न २ लाख रुपियाँ र घर बनाउन ३ लाख रुपियाँ दिने सम्झौता भएको छ।

अनुदान सम्झौता हुँदा पनि भेदभाव भएको भूकम्पपीडितको गुनासो छ। नारायण शाहीको घर पूरै भत्किएको छ। उनको घरसँगै जोडिएको छिमेकीको घर बस्न मिल्ने छ। तर सम्झौता हुँदा नारायण शाहीको आंशिक क्षति भएको तर छिमेकीको घर भने पूरै क्षति भनेर अनुदान सम्झौता भएको छ। त्यसैगरी सुभद्रा परियार एकल महिला भएका कारण नागरिकता बनेको थिएन। पवन

गुरुङसँग ५ धुर जग्गा ९ हजार रुपियाँमा किनेकी रहिछिन् । र, सोही जग्गामा घर बनाएर बसेकीथिइन् । भूकम्पले घर क्षति भयो । नागरिकता नभएका कारण अनुदान सम्झौता भएको रहेनछ । २०७४ वैशाखमा नागरिकता बन्यो तर भूकम्पपछि नागरिकता बनेको कारण देखाइ सम्झौता गरिएन । जिल्ला भूमि अधिकार मञ्चको टिम र हामीले वडा अध्यक्षसँग भेटी सबै समस्या बताएपछि बल्ल अनुदान सम्झौता भयो ।

२२ गते बिहान मनहरि गाउँपालिका वडा नं. ६ लोथरका भूकम्पपीडितसँग छलफल भयो । रैकर जग्गामा बसोबास गरेका परिवारसँग अनुदान सम्झौता भएको रहेछ । तर ऐलानी जग्गामा बसोबास गरेका भूकम्प पीडितसँग भने सम्झौता हुन सकेको रहेनछ । यसबारे वडा नं. ६ का अध्यक्ष गोपीलाल मोक्तानसँग छलफल गर्‍यौँ । ऐलानी जग्गामा बसोबास गरेकालाई पनि अनुदान सम्झौता गर्न मिल्ने भनेर पुनर्निर्माणसम्बन्धी ऐन, नियममा संशोधन भएको व्यवस्थाबारे उनलाई थाहै रहेनछ । यो कुरा जानकारी गराएपछि मात्र थाहा पाए । त्यसपछि मनहरि गाउँपालिका वडा नं. ४ मुसीधाप गयौँ । त्यहाँ कुनै मेला लागेको छ कि भन्ने भान भयो । एकछिनपछि थाहा भयो कि मेला हैन रहेछ, त्रिपालै त्रिपाल टाँगेर करिव २२० परिवार बसेकाले यस्तो देखिन पुगेको रहेछ ।

छरपस्ट मानिस एकापसमा कुराकानी गरिरहेका, बालबच्चा हो-हल्ला गरी खेलिरहेका । यो पर्सा राष्ट्रिय निकुञ्जको जङ्गल पो रहेछ । २०७२ वैशाख १२ गतेको भूकम्पले घर क्षति भएकामा सरकारबाट अनुदान नपाउँदै २०७४ साउनको २५ र २६ गतेको अविरल वर्षाले गर्दा खोलाले घर/खेतै बगाएर लगेपछि घरबारबिहीन भएर निकुञ्जको जङ्गलमा बस्न आइपुगेका रहेछन् । हामी त्यहाँ पुगेको अवसरमा सानो सभा नै राखे उनीहरूले । सभामा वडा अध्यक्ष ध्रुव खड्काले त्यहाँ बसेकालाई पनि निकुञ्जले उठ्न भनेको जानकारी गराए । तर उनले आफूले सकेसम्म अर्को विकल्प नभएसम्म उठ्न नदिने आश्वासन दिए । सहभागीहरूले आफ्नो दुःखेसो पोखे । वर्षातमा आकासको पानी । भरीसँगै बिच्छी र सर्पको डर । दिन/प्रतिदिन चिसो बढ्दैछ । बालबच्चालाई चिसोबाट जोगाएर राख्नै गाह्रो छ । खाने गाँस, बस्ने बास र शरीर ढाक्नका लागि कपडा किन्नेसमेत पैसाको समस्या छ ।

कात्तिक २३ गते बिहान हेटौँडा उपमहागरपालिका वडा नं. ११ बौद्धमार्ग टोल पुग्यौँ । त्यस ठाउँमा रामहरि शर्मा भन्ने व्यक्तिले आफू मालपोत कार्यालयको सुब्बा हुँदा नै २०२७ सालदेखि करिव १२ बिघा ऐलानी जग्गा कब्जा गरेका रहेछन् । र, त्यही जग्गा सुकुमबासी/भूमिहीनले जोतभोग गरिरहेका रहेछन् । पछि उक्त जग्गा प्रतिकठ्ठा १ लाख ७० हजार रुपियाँका दरले जग्गाधनीले बेचेछन् । सुकुमबासी/भूमिहीनलाई प्रभाव पारी ऐलानी जग्गा किन्न बाध्य पारेछन्, जग्गाधनीले । २०२८ सालमा वनको सिमानाबाट बस्ती छुट्याइएको रहेछ । २०३२ सालको नापीमा कित्ताकाट पनि भएको रहेछ । २०५२ सालमा पनि सुकुमबासी समस्या समाधान आयोगले नापी गरेको रहेछ ।

**ऐलानी जग्गामा बासोबास गरेका सुकुमबासी भूमिहीनसँग अनुदान सम्झौता नगरेको देखिएपछि यसबारे जानकारी लिन जिल्ला भूमि अधिकार मञ्चका पदाधिकारी र हामी भूकम्पीय आवास आयोजना कार्यान्वयन एकाइ कार्यालय हेटौँडा पुग्यौँ । तर कार्यालय प्रमुख जिल्ला समन्वय समितिमा गएको जानकारी पाएपछिकेही भूकम्पपीडितसहित जिल्ला समन्वय समितिमै गयौँ ।**

गाउँका केही व्यक्तिले जग्गा वन सिमानाभित्र पर्छ भनी विरोध गरेपछि लालपुर्जा पाउनबाट वञ्चित भएका रहेछन् । अहिले उक्त ठाउँमा ४५ घरधुरी सुकुमबासी/भूमिहीन बसोबास गरेका छन् । २०७२ वैशाख १२ गतेको भूकम्पले घर क्षति भएको रहेछ । ऐलानी जग्गामा बसोबास गरेकासँग अनुदान सम्झौता गर्न मिल्दैन भनेर सम्झौता भएको रहेनछ । त्यहाँको अवस्था देखेर हाम्रो समाजमा हुने खाने वर्गले हुँदा खाने वर्गलाई गर्ने शोषणको स्वरूप फेरिएको छ तर शोषण हटेको छैन भन्ने कुरा प्रस्ट देखियो ।

ऐलानी जग्गामा बासोबास गरेका सुकुमबासी भूमिहीनसँग अनुदान सम्झौता नगरेको देखिएपछि यसबारे जानकारी लिन जिल्ला भूमि अधिकार मञ्चका पदाधिकारी र हामी भूकम्पीय आवास आयोजना कार्यान्वयन एकाइ कार्यालय हेटौँडा पुग्यौँ । तर कार्यालय प्रमुख जिल्ला समन्वय समितिमा गएको जानकारी पाएपछिकेही भूकम्पपीडितसहित जिल्ला समन्वय समितिमै गयौँ ।

समन्वय समितिमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको सचिवालय प्रमुख र भूकम्पीय आवास आयोजना कार्यान्वयन एकाइ प्रमुखसँग यसबारे छलफल गर्‍यौँ । तर उनीहरूले ऐलानी जग्गा सार्वजनिक जग्गाअन्तर्गत पर्ने र सार्वजनिक जग्गामा बसोबास गरेका सुकुमवासी/भूमिहीनसँग सोही ठाउँमा घर बनाउनका लागि अनुदान सम्झौता गर्न नमिल्ने जिकिर गरे । केन्द्रबाट नै ऐलानी जग्गामा बसोबास गरेकाहरूसँग सम्झौता नगर्नू भनेर पत्र आएको जानकारी पनि गराए । हामीले प्राधिकरणसँग भएको छलफलमा ऐलानी जग्गामा बसोबास गरेकालाई पनि अनुदान दिने भनेर सहमति

भएको जानकारी गरायौँ तर यसको सुनुवाइ नै भएन । आफ्नै अनुकूलताअनुसार ऐलानी जग्गाको परिभाषा गरे प्रमुखहरूले । पुनर्निर्माणसम्वबधी ऐन, नियम, मापदण्ड तथा कार्यविधिमा प्रस्ट नलेखिएका कारण ऐलानी जग्गामा बसोबास गरेका सुकुमवासी भूमिहीनले अनुदान पाउनबाट वञ्चित हुने अवस्था देखियो ।

कात्तिक २४ गते सिन्धुलीको दुधौली नगरपालिका वडा नं. ४ निपाने गयौँ । निपानेमा २०२७ सालभन्दा पहिले औलोको प्रकोप रहेछ । त्यहाँका आदिवासी दनुवार जाति कमलामाई नदीको किनारमा बस्न सुरु गरेका रहेछन् । र, पर्ति जग्गा आवाद गरी खेतीयोग्य जमिन बनाएछन् । दनुवार जातिको उद्‌गमस्थलनै सिन्धुलीको निपाने रहेको कृष्णलाल दनुवारले जानकारी दिए । अन्य जाति दिनभर कमलामाई फाँटमा खेती गर्ने र साँझ भएपछि बास बस्न पहाड लाग्ने गर्दारहेछन् । औलो निर्मूल भएपछि मात्र अन्य जाति त्यहाँ स्थायीरूपमा बस्न सुरु गरेका रहेछन् ।

निपानेमा २०१९ सालमा नै जनकल्याण निम्न माध्यमिक विद्यालय स्थापना भएको रहेछ । २०६० सालमा कमलामाई नदिले बस्ती कटान गरेपछि जङ्गलको छेउमा आएर बसेछन् । निपानेमा काठै काठको मौलिकता देखिने सुन्दर घर निर्माण गर्ने चलन रहेछ । २०७२ वैशाख १२ गतेको भूकम्पले घर क्षति गरेको रहेछ । 'राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट प्राविधिकहरू आएर घर सर्वेक्षण गरेर निस्सा दिए । बाहिरबाट हेर्दा घर ठीकै जस्तो देखियो । तर अहिले अर्को घर बनाउनका लागि पुरानो घर भत्काउँदा जम्मै खामा ढल्किएका छन्'- किसुनलाल दनुवारले सुनाए ।

निपानेका ८७५ परिवारले अनुदानका लागि वडा कार्यालयमा निवेदन दिएका छन् । केहिले सिफारिस पाए पनि अनुदानबापतको रकम पाएका रहेनछन् । 'हामी भूकम्पबाट पीडित छौँ, स्कुल, खानेपानी, सहकारीलगायत भौतिक संरचना निर्माण भइसकेको छ । हाम्रो आदिम भूमि पनि यही हो । सरकारले ऐलानी जग्गामा बसेकालाई अनुदान नदिने भनेको छ । हाम्रो पुर्ख्यौली थलो छाडेर कहाँ रैकर जग्गा खोज्दै जाने ? हामी यस ठाउँ छाडेर कहीँ पनि जाँदैनौँ बरु हामी सरकारको अनुदान लिँदैनौँ, आफ्नै तरिकाले घर बनाएर बस्छौँ'- स्थानीय दीपकुमारलाल दनुवारले आफ्नो अडान व्यक्त गरे ।

यस क्षेत्रलाई राष्ट्रपति तराई मधेस चुरे क्षेत्र संरक्षण कार्यक्रमअन्तर्गत चरिचरन निषेधित क्षेत्र घोषणा पनि गरिएको रहेछ । यसरी एकातिर घर बनाउनका लागि अनुदान नपाउँदाको पीडा, अर्कोतर्फ चुरे संरक्षण समितिले उठिबास गराउँछ कि भनेर त्रासपूर्ण जीवन जिउन बाध्य भएका छन् निपानेका बासिन्दा ।

**ऐलानी जग्गामा घर भएकै कारण पनि अनुदान सम्झौता हुन नसकेको रहेछ । बकुलटारमा २ वटा माध्यमिक विद्यालय, प्रहरी चौकी, पक्की सडक रपिउनेपानीका लागि ट्याङ्की निर्माण भएको छ । केही परिवारले आफ्नै प्रयासले घर बनाउन सुरू गरेका पनि छन् ।**

कात्तिक २६ गते काभ्रेको पाँचखाल गाउँपालिका वडा नं. १२ बकुलटार गयौँ । त्यहाँका दनुवार र आजाद उच्च माध्यमिक विद्यालयका प्राचार्य प्रह्लाद तिमिल्सिनासँग भूकम्पले गरेको असर र अनुदान सम्झौताबारे छलफल गर्‍यौँ । बकुलटार १५० वर्षभन्दापनि पुरानो बस्ती रहेछ । यहाँ करिव २०० परिवार दनुवार जाति ऐलानी जग्गामा बसोबास गरिरहेका छन् । बकुटारमा पहिले औलोको प्रकोप रहेछ । तर दनुवार जाति मतवाली भएकाले औलोसँग प्रतिरोध गर्ने क्षमता रहेकाले खेतीपाती गरेर जीविका धान्दै आएछन् । अन्य जातिभने औलोको डरले त्यहाँ बस्दैनथे ।

सरकारले औलोको कीटनाशक औषधि छर्केपछि औलो निर्मूल भयो । र, अन्य जाति पनि बकुलटारमा बस्न सुरु गरे । बकुलटार श्री ३ चन्द्रशमशेरको विर्ता जग्गा रहेछ । २०३६ सालमा नापी आयो । उक्त जग्गा दर्ताका लागि बसोबास गरिरहेका व्यक्तिले पटकपटक प्रयास गरेका रहेछन् तर फिल्डबुकमा चन्द्रध्वज खाँडको नाम रहेकाले अन्य व्यक्तिको नाममा दर्ता नभएको रहेछ । ऐलानी जग्गामा घर भएकै कारण पनि अनुदान सम्झौता हुन नसकेको रहेछ । बकुलटारमा २ वटा माध्यमिक विद्यालय, प्रहरी चौकी, पक्की सडक रपिउनेपानीका लागि ट्याङ्की निर्माण भएको छ । केही परिवारले आफ्नै प्रयासले घर बनाउन सुरु गरेका पनि छन् ।

यसरी भूकम्पपीडितका विषयमा ३ जिल्लाका ७ वटा समुदाय, ३ जना वडा अध्यक्ष र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको सचिवालय प्रमुख र भूकम्पीय आवास आयोजना कार्यान्वयन एकाइसँग छलफल गरेपछि कात्तिक २७ गते कार्यालय फर्कियौँ । यसरी हेर्दा के देखिन्छ भने जङ्गल क्षेत्र र सार्वजनिक जग्गामा बसोबास गरिहेका परिवारलाई अन्यन्त्र रैकर जग्गामा सार्ने सरकारी योजना केही हदसम्म व्यावहारिक होला तर वर्षौँदेखि ऐलानी जग्गामा बसोबास गरेका सुकुमवासी, भूमिहीन र अव्यवस्थित बसोबासीलाई बसिरहेको जग्गामा घर बनाउन नदिएमा झनै समस्या पर्ने देखिन्छ ।



भोला बस्नेत

# एकीकृत बस्ती सुरू

२०७२ वैशाख १२ गतेको भूकम्प र त्यसपछिका पराकम्पबाट क्षतिग्रस्त बस्तीका बासिन्दा र त्यस स्थानका घरपरिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण एवम् बस्ती विस्तार गर्नका लागि नुवाकोटको साविक उर्लेनी गाविस (हाल तादी गाउँपालिका वडा नं. १) मा रहेका ७१ घर परिवारलाई सुरक्षित स्थान तादी गाउँपालिका वडा नं. ३ को खरानीटारको बुदुनेमा सार्न लागिएको छ।

भूकम्पबाट धेरै पहाडमा रहेका बस्ती पहिरो जाने,जमिन चिरा पर्ने, खानेपानीको मुहान सुक्ने आदि कारणले मानव बस्ती योग्य जमिन असुरक्षित भएको भौगर्भिक अध्ययन प्रतिवेदनका आधारमा धेरै बस्ती स्थानान्तरण गर्नुपर्ने देखिएको छ।

जोखिमयुक्त बस्तीका लाभग्राही सूचीमा नाम समावेश भएका, स्थानान्तरण गर्नुपर्ने घरपरिवारको विवरणका आधारमा बस्तीहरू स्थानान्तरण गर्न सुरु गरिएको हो। कतिपय बस्तीमा त पहिरो गएकाले आवतजावत गर्न नै नसकिने अवस्था भएको छ। पुर्ख्यौली थलो छाडी अन्य स्थानमा बस्न जोकसैलाई मुस्किलै पर्दोरहेछ। तर मनमा डर, त्रासमात्र होइन, विद्यालय, स्वास्थ्य, खानेपानी,बाटोघाटो, पुलपुलेसामा पनि ठूलै क्षति पुगेकाले स्थानान्तरण हुन बाध्य हुनुपरेको हो। बसोबासका लागि जान/आउनमात्र होइन, भौतिक संरचना नष्ट भएकाले मानवीय आधारभूत आवश्यकतासमेत पाउन मुस्किल पर्न थालेकाले बसिरहेको स्थान छाड्न बाध्य भएका छन्।

नुवाकोट जिल्लाका धेरै स्थान भूकम्पपछि मानव बस्तीका लागि उपयुक्त नभएको भौगर्भविद्को अध्ययनले देखाएको छ। अध्ययनका आधारमा पहिलो चरणमा निम्न स्थानका घर परिवार स्थानान्तरण गर्नुपर्ने देखिएको छ :

| सि. नं. | जोखिमयुक्त बस्ती | घर/परिवार सङ्ख्या |
|---|---|---|
| १. | ध्याङफेदी | ७४ |
| २. | लच्याङ | १५ |
| ३. | महाकाली | ५० |
| ४. | उर्लेनी | ७१ |
| ५. | किम्ताङ | ६५ |
| ६. | साल्मे | ३ |
| **जम्मा** | | २७८ |

यो त भयो जोखिम बस्तीका घर/परिवारलाई पहिलो चरणमा स्थानान्तरण गर्ने सूचीकृतको विवरण। अझै धेरै स्थानको विवरण पुनर्निर्माण प्राधिकरणले निर्णय गरी प्रकाशित गर्न बाँकी छ। नुवाकोट जिल्लामा आफ्नो पुर्ख्यौली थलोमा घर बनाउन नसकिने भनी रसुवा र सिन्धुपाल्चोक जिल्लाका जोखिम बस्तीका बासिन्दा सुरक्षित स्थानमा हालसम्म बसिरहेका छन्। जुन यसप्रकार छन् :

१. किम्ताङ, कालिङ्चोक २१ घरपरिवार,
२. मनोकामना, शान्तिबजार २६ घरपरिवार,
३. बेत्रावती, सातबिसे ३० घरपरिवार
४. विदुर, सिमुलटार १२२ घरपरिवार,
५. पीपलटार, इनारपाटी, ८२ घरपरिवार
६. बेतिनी, गोल्फुभञ्याङ, ८३ घरपरिवार

साथै राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले नुवाकोट जिल्लाका विभिन्न गाउँपालिकाका ११ स्थानलाई जोखिम क्षेत्र भनेको थियो।

नुवाकोट जिल्लाको लच्याङ र भाल्चेमारसुवाको हाकु गाविसका ३०४ भूकम्पपीडित घरपरिवार आएर बसे। लामो समयसम्म पनि पराकम्प गइरहेकाले आफ्नो थातथलोमा बस्न सकेनन्। निरन्तर पहिरो गइरहेकाले वस्तुभाउ, खेतीपाती र भिmटीभmाम्टा छाडेर सुरक्षित स्थान खोजी गरी अन्यत्र चाहानु उनीहरूको बाध्यता बन्यो। भूकम्पलगत्तै सरकार र सङ्घ/संस्थाले राहत, अस्थायी बास र खानका लागि

**पुर्ख्यौली थलो छाडी अन्य स्थानमा बस्न जोकसैलाई मुस्किलै पर्दोरहेछ। तर मनमा डर, त्रासमात्र होइन, विद्यालय, स्वास्थ्य, खानेपानी, बाटोघाटो, पुलपुलेसामा पनि ठूलै क्षति पुगेकाले स्थानान्तरण हुन बाध्य हुनुपरेको हो। बसोबासका लागि जान/आउनमात्र होइन, भौतिक संरचना नष्ट भएकाले मानवीय आधारभूत आवश्यकतासमेत पाउन मुस्किल पर्न थालेकाले बसिरहेको स्थान छाड्न बाध्य भएका छन्।**



गरेका सहयोगलेसबैलाई फाइदै पुग्यो । केही समयपछि आफ्नो जग्गा हुने र सुरक्षित महसुस भएका घरपरिवार विस्तारै आफ्नै थातथलोमा फर्कन थाले । तर आफ्नो जमिनमा बस्न नमिल्नेहरूलाई पनि थप पीडा आइलाग्यो ।

लचाङ गाविसबाट आएका घरपरिवारले गुठीको समस्या भएकाले घर बनाउनका लागि राहत पाउन सकेका छैनन् । राहत पाएका घरपरिवार पनि आफ्नो जग्गामा गएर घर बनाएरबस्न सक्ने अवस्थामा छैनन् । उनीहरू घर कहाँ बनाउने र कोसँग कुरा राख्ने भन्नेमा पनि अन्योल नै बेहोरिरहेका छन् ।

रसुवाको भोर्ले गाविसको क्याम्पमा बसिरहेका ८२ घरपरिवार छोटेटार, देवीघाट जानेबाटोमा व्यक्तिको जग्गा किनेर बस्नका लागि कुनै संस्थामार्फत जस्ताको टहरो बनाइसकेका छन् । उनीहरू २०७४ वैशाख १ गतेदेखि यहाँ बस्न थालेका हुन् । योभन्दा अगाडि सातबीसे वेत्रावतीमा बसेका थिए । उनीहरू ८२ घरपरिवारले १.५ हजारको दरले प्रत्येक घरपरिवारलाई २ आना पर्ने गरी जग्गा किनेका हुन् ।

रसुवाको डाँडागाउँ गाविसबाट विस्थापित भई मनोकामना गाविसको शान्तिबजारमा सुरुमा ४० घर बसेका थिए । अहिले पनि २६ घरपरिवार छन् । केही पुरानै बस्ती फर्किए पनि कुनै ठेगान नभएकाले पुनः फर्किनुपर्ने हो कि भनेर पहिले बनाएको टहरासमेत सुरक्षित राखेर गएका हुन् ।

यहाँ सबै व्यक्तिको जग्गामा बसेका छन् । त्यसैले महिनाको ५ सयदेखि १ हजारसम्म भाडा तिर्छन् । बजार क्षेत्र भएकालेकेहीले चाहिँ आफ्नै टहरोमा सानोतिनो व्यापार पनि गरेका छन् । पुरुष जति घर बनाउने काममा जान्छन् भनेअरूचाहिँ गिट्टी कुट्ने काममा ब्यस्त रहन्छन् ।

**शिविरमा बसेका कतिपय पुर्जावालाले भनेपहिलो किस्ताबापतको रकम बस्दै/खाँदैमा सकेका छन् ।**

उनीहरूमध्ये २४ परिवारले शान्ति बजारमा नै ४ रोपनी १० आना जग्गा किनी एकीकृत बस्ती निर्माण सुरु गरेका छन् । सरकारले जग्गा किन्न प्रतिपरिवार २ लाख रुपियाँ दिने भए पनि नपुग रकमचाहिँ उनीहरूले आफैँ जोगाड गरेका थिए । उनीहरूले मङ्सिर २८ गते मालपोत कार्यालय नुवाकोटबाट यो जग्गा पास गरेका हुन भने पैसा रसुवा जिल्ला पुनर्निर्माण प्राधिकरण, जिल्ला समन्वय समितिमार्फत निकाशा गरिएको थियो ।

शिविरमा बसेका कतिपय पुर्जावालाले भनेपहिलो किस्ताबापतको रकमबस्दै/खाँदैमा सकेका छन् । अनि कतिपयले चाहिँ गुठीको नाममा जग्गा भएकाले अर्थात पुर्जे नभएकाले घर बनाउने रकम नै पाउन सकेका छैनन् । कसैको भने लाभग्राही सूचीमा नै नाम छैन । अनि गुनासो भरेर पठाए पनि त्यो के भयो भन्ने अत्तोपत्तो छैन ।

बेतिनी गाविस वडा नं. ७ र हाल दुप्चेश्वर गाउँपालिका वडा नं. ४ मा रहेको गोल्फुभञ्याङमा शिविर त छ तर साह्रै अव्यवस्थित । सदरमुकामबाट धेरै टाढा भएकाले पनि यहाँ कसैको ध्यान पुग्न सकेको छैन । यहाँ बस्नेको अवस्था बिजोग छ । भूकम्पपछि तुरुन्तै पाल हालेर बसेका यहाँका भूकम्पपीडित संस्थाले जस्तापाता सहयोग गरेपछि काठको टहरोमा बस्न थालेका त छन् तर त्यो पनि मक्किन थालेकालेबस्ती असुरक्षित बन्दै गइरहेको छ । यहाँ ८२ परिवारको बसोबास छ । ३, ४ घरबाहेक सबै ऐलानी जमिनमा बसेका छन् । यहाँ बस्नेमध्ये भूकम्पमा परी६ जनाको मृत्यु भएको थियो । त्यसबाहेक शिविरमा आएपछि पनि चिसोले गर्दा ३ जनाको मृत्यु भइसकेको छ । स्वास्थ्यसम्बन्धी केही समस्या भएमा ३ घण्टा हिँडेर बेतिनी गाविसको स्वास्थ्य चौकी पुग्नुपर्ने बाध्यता छ । अझ बर्खायाममा गाडीसमेतनचल्ने भएकाले थप समस्या आइलाग्छ ।

तामाङ, गुरुङ र कामीको बढी बसोबास भएको यो शिविरमा सबैजना मिलेर बसेका छन् । पुरानो स्थानमा केही परिवारको घर बनाउन मिल्ने जग्गा त छ तर सबैजना यहीँ भएकाले र मिलेर बसेकाले उनीहरू पनि गएका छैनन् । ६० भन्दा बढी परिवारको चाहिँ घर बनाउने जग्गा नै छैन ।

नुवाकोटमा मात्र २०० घर परिवारको घर बनाउने जग्गा नभएको र अरूको जग्गामा बसेको भन्ने निवेदन पुनर्निर्माण प्राधिकरण जिल्ला समन्वय समितिमा परेको छ । त्यसको छानविन नै नभएकाले घर बनाउने सहयोग पनि पाउन सकेका छैनन् उनीहरूले । जे होस्, ढिलै भए पनि सरकारले घडेरी किन्नका लागि प्रतिपरिवार २ लाख रुपियाँ दिने काम नुवाकोटको उर्लेनीका जोखिम घरपरिवारबाट सुरु गर्नुचाहिँ सकारात्मक मान्नुपर्छ ।

# गाउँ हडप्न खोज्ने मुखिया

रेवतीरमण खनाल

बझाङ, बाजुरा, डोटी र अछाम जिल्लाको सङ्गमस्थल मानिने सुदूरपश्चिम क्षेत्रकै भूस्वर्ग खप्तड लेकको तल एउटा सानो र सुन्दर गाउँ थियो, जहाँ १३-१४ घर-परिवार बस्थे। वि.सं.२०३४ मा राजा वीरेन्द्र सुदूरपश्चिमको भ्रमणमा निस्कँदा हामी त्यही गाउँको माथिपट्टि रहेको पाखोको एउटा चौरमा खाना खान हेलिकप्टर अवतरण गराई बसेका थियौँ।

सुर्खेतमा सवारी शिविर खडा गरी त्यहीँबाट सुदूरपश्चिमका जिल्ला भ्रमण गर्ने कार्यक्रम थियो। २७ माघ २०३४ को कुरा हो, राजा वीरेन्द्रले बिहान बाजुराको कार्यक्रम सकेर अछाममा खानेपानी आयोजना उद्घाटन गरी दिउँसोको खाना खाने सिलसिलामा हामी त्यहाँ पुगेका थियौँ। डोटी सदरमुकामको एउटा कार्यक्रममा सरिक हुन जाने क्रममा अछामको एउटा चौर (जसको छेवैमा ठूलो तलाउ पनि थियो) मा बसेर खाना खाने कार्यक्रम निर्धारण गरिएकामा त्यस दिन त्यहाँ पुग्दा हिउँ परेर तलाउ र चौर पूरै ढाकेपछि हामी खानाका प्याकेटसहित खप्तड लेकको त्यही गाउँको माथिपट्टि रहेको पाखो चौरमा पुगेका थियौँ।

चौरमा एकैपटक तीन-तीनवटा हेलिकप्टर अवतरण गर्दा स्वाभाविकरूपमा हल्लाखल्ला हुने नै भयो। वन-पाखामा घाँस-दाउरा गर्न निस्किएका गाउँले त्यो हल्लाखल्ला सुनेर चौरमा जम्मा भए। तिनीहरू हँसिया-नाम्लासहित नै त्यहाँ पुगेका थिए। उनीहरू सरासर गलैंचा बिछ्याएर खाना खाँदै गरेका राजा-रानीको नजिकै गएर उभिए।

हामी पनि नजिकै खानाका प्याकेट खोलेर खाँदै थियौँ।

राजाबाट एक किसानलाई 'तिम्रो नाम के हो ? कहाँ हो तिम्रो घर ?' भनेर सोधनी भयो। किसानले आफ्नो नाम बताउँदै त्यहीँ तल आफ्नो गाउँ रहेको जवाफ दिए। त्यसपछि राजाले 'तिमीहरूले राजा-रानी देखेका छौ ?' भनेर सोध्दा तिनीहरूले नदेखेको जानकारी गराए। तर यत्तिकैमा एक किसान चिच्याए, 'मैले त देखेको छु, हाम्रा प्रधानपञ्चले लगाउने लकेटमा राजाको तस्बिर थियो।'

उच्च हिमाली भूभाग भएकाले होला, हामीले खान लागेका प्याकेटभित्रका रोटी त एकैछिनमा दाउराजत्तिकै साह्रा भए। खाना खान सकिने अवस्था रहेन। केही फलफूल खायौँ। राजा-रानीले केही फलफूल ती किसानलाई बाँडिदिए। किसानहरू हातहातमा फलफूल लिएर आफ्नो बाटो लाग्दै थिए, राजाबाट पुनः एक किसानलाई सोधनी भयो, 'तिमीहरूका अरू गाउँले खोइ त ?' ती किसानले राजा-रानी आउने भएकाले गाउँले सबै निखिएर डोटी सदरमुकाम खलङ्गा गएको बताए। साथै 'खड्का जमिनदार-मुखियाले गाउँभरिका किसानलाई गाउँबाटै निकाल्न लागेकाले त्यो कुरा राजालाई सुनाउन' उनीहरू त्यता लागेको पनि उनले बताए।

गाउँले पूरै निखिएर किन सदरमुकाम गएछन् त भन्ने लागेर हामीले ती किसानलाई बोलाएर सोध्यौँ। प्रेमसिंह खड्का नामक

राजा-रानीको जय/जयकार गरिरहेका मानिस हेलिकप्टरबाट एकजना किसान उत्रिएको देख्दा अक्क न बक्क परे। एकछिन चूप लागे। पछि फेरि राजा-रानी झरेको देखेपछि जनता जय/जयकारको नारा घन्काउन थाले। राजा हेलिकप्टरबाट ओर्लिएपछि ती किसानलाई केही नगद हातमा राखिदिँदै न्यायाधीश र मतर्फ देखाउँदै 'यिनीहरूसँग जाऊ, तिमीहरूको मुद्दा यिनीहरूले हेरिदिन्छन्' भन्ने हुकुम भयो।

त्यस गाउँका दर्तावाल मुखियाले गाउँका सबै किसानलाई गाउँबाटै उठिबास गराएका रहेछन्। घाँस काट्न गएका ती किसानबाट यस किसिमको जानकारी पाएपछि राजाबाट भ्रमण दलसँगै गएका न्यायाधीश सर्वज्ञराज पण्डित र मलाई बोलाएर यसबारे विस्तृतमा बुझ्न निर्देशन भयो।

ती गाउँले किसानले मुद्दाका बारेमा धेरै कुरा बताउन सकेनन्। खड्काले 'मुद्दा गर्छु, तिमीहरूलाई गाउँबाट निकाला गर्छु' भनेको कुरामात्र ती किसानले बताए। अनि हामीले डोटी सदरमुकाम गएर के भएको रहेछ, विस्तारमा बुझी राजामा जाहेर गर्छौं भन्यौँ। राजाले ती किसानलाई 'तिमीहरूका मुद्दा यिनीहरूले हेरिदिन्छन्, तिमी पनि हामीसँग

डोटी जान्छौ त ?' भन्दा मुसुक्क हाँस्दै उनी आफ्नो हँसिया-नाम्लो साथीलाई जिम्मा लगाएर राजासँगै जान तयार भए । राजा-रानीसँगै ती किसान पनि हेलिकप्टरमा चढे ।

हामी सरासर डोटी पुग्यौँ तर राजा चढेको हेलिकप्टर आइपुगेन । ती किसानको गाउँ हुँदै राजा-रानी फर्किएकाले केही ढिलो भएको रहेछ । डोटी सदरमुकाम खलङ्गामा गाउँले किसानहरूको ठूलो भीड लागेको थियो । राजा-रानीको जय/जयकार गरिरहेका मानिस हेलिकप्टरबाट एकजना किसान उत्रिएको देख्दा अक्क न बक्क परे । एकछिन चूप लागे । पछि फेरि राजा-रानी झरेको देखेपछि जनता जय/जयकारको नारा घन्काउन थाले । राजा हेलिकप्टरबाट ओर्लिएपछि ती किसानलाई केही नगद हातमा राखिदिँदै न्यायाधीश र मतर्फ देखाउँदै 'यिनीहरूसँग जाऊ, तिमीहरूको मुद्दा यिनीहरूले हेरिदिन्छन्' भन्ने हुकुम भयो ।

वास्तवमा त्यस गाउँका दर्तावाल मुखिया प्रेमसिंह खड्काले तीन वर्षसम्म आफ्नै नाममा तिरो बुझाई भूमि सुधार लागु हुँदा आफैँ जग्गाधनी भनी लगत लिएका रहेछन् । पछि 'मेरो जग्गा खिचोला गरी घरबार गरी बसेकाहरूलाई उठाइपाउँ' भनी उल्टै तिनै गाउँलेविरुद्ध जिल्ला अदालतमा मुद्दा दायर गरेका रहेछन् । जग्गामा घरबार भोग गरी बसिरहेकाले किसानहरूले मोहियानी हकअन्तर्गत भूमिसुधार कार्यालयमा झन्डै २२ वटा मुद्दा दर्ता गरेका रहेछन् । न्यायाधीशले दर्ता र तिरो प्रेमसिंहकै नाममा रहेकाले भोगचलनमा विवाद रहेछ भनी खड्काकै पक्षमा जिल्ला अदालतबाट मुद्दा छिनेका रहेछन् ।

सबै कुरा बुझेपछि यही कुरा राजामा जाहेर गर्‍यौँ । राजाले तुरुन्तै मुद्दा किनारा गरी गाउँले किसानलाई निसाफ दिन हुकुम भयो । १५ दिन लगाएर त्यो मुद्दा भूमिसुधार अधिकारीले छिने र गोरे ठगुन्नासमेतका त्यस गाउँका सबै किसानले न्याय पाए । उनीहरूको घरबास थामियो ।

प्रस्तुति : ईश्वरी ज्ञवाली । प्रकाशित : मङ्सिर १५, २०७४, नेपाल साप्ताहिक



अमृता अनमोल

# सङ्कटमा कृषि भूमि

पोखरी खन्ने जग्गा नभेटिँदा गतवर्ष रूपन्देहीलाई मत्स्य जोन बनाउन विनियोजित अनुदानसहितको करिब आधा बजेट फिर्ता गयो । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत नयाँ माछापोखरी खन्न विनियोजित १७ करोड ६८ लाख ९९ हजार बजेटमध्ये ९ करोड ७५ लाख फिर्ता भएको हो । ५ सय हेक्टरमा नयाँ पोखरी निर्माण हुनुपर्नेमा घटाएर २ सय हेक्टरमा झारिएको छ । त्यही लक्ष्य पनि पूरा गर्न नसक्दा आयोजना अहिले समस्यामा छ ।

रूपन्देही माछाजस्तै धान, गहुँ र दूध उत्पादन हुने प्रमुख जिल्लामध्येमा पर्छ । अहिलेसम्म उत्पादित धान ५०, दूध ४० र गहुँ २० प्रतिशत बाहिरी जिल्लामा पुग्ने गरेको छ । विडम्बना, जग्गा अभावले पछिल्ला वर्षहरूमा आधुनिक खेती प्रणाली र अनुदानका कार्यक्रम रोकिन थालेका छन् ।

फस्टाउँदै गएको व्यावसायिक खेती प्रणाली र ठूलो लगानीका पशुपालन फारम सङ्कटमा परेका छन् । खेतीयोग्य जग्गा खण्डीकरण गरेर घडेरीका रूपमा परिणत गर्दा उत्पादन क्षेत्र घट्दै गएको छ । यसले खाद्यान्न उत्पादनसमेत प्रभावित हुँदै गएको छ । कृषि भूमि मासेर प्लटिङ गर्ने क्रम नगर हुँदै गाउँ-गाउँसम्म पुगेको छ । अघिल्लो सिजनमा कृषि उपज लहराएका ठाउँ अर्को सिजनमा पुग्दा प्लटिङले खण्डहर बन्ने गरेका छन् ।

जिल्ला कृषि विकास कार्यालयका अनुसार एक वर्षमा मात्रै साढे ५ सय हेक्टरभन्दा बढी जमिन घडेरीमा परिणत भएको छ । १० वर्षयता झन्डै ६ हजार हेक्टर खेतीयोग्य जमिनमा प्लटिङ भएको छ । ८२ हजार ६ सय २२ हेक्टरबाट घटेर खेतीयोग्य जमिन ७६ हजार हेक्टरमा सीमित भएको छ । गत आर्थिक वर्षमा यहाँ उत्पादित ७३ हजार २ सय २५ मेट्रिक टन खाद्यान्न अन्य जिल्लामा निर्यात गरेको थियो । यही अनुपातमा जग्गा खण्डीकरण रहे निर्यात घट्नेमात्रै होइन, उत्पादनले १२ वर्षमात्रै थेग्न सक्नेछ । त्यसपछि खाद्यान्न आयात नै गर्नुपर्ने अनुमान कृषि कार्यालयको छ ।

हुन पनि धान र गहुँ बढी फल्ने पकेट क्षेत्र सिद्धार्थनगर, तिलोत्तमा नगरपालिका र बुटवल उपमहानगरपालिकाको खेतीयोग्य जमिन लगभग सकिएको छ । तीव्र जनसङ्ख्या वृद्धि र जग्गाको खण्डीकरणले सैनामैना र देवदह नगरपालिकासहित पूर्व-पश्चिम राजमार्गछेउका खेतीयोग्य जमिनको अवस्था उस्तै छ । बुद्ध जन्मस्थल रहेको लुम्बिनी सांस्कृतिक नगरपालिका, ओमसतिया र सियारी गाउँपालिकामा पनि पछिल्लो समय प्लटिङ बढेको छ । प्लटिङको क्रम यति बढेको छ कि ठूला कृषि योजना चलाउन नटुक्रिएको जग्गा भेटिनै मुस्किल छ । राज्यले तत्काल भूउपयोग नीति कार्यान्वयन नगरे बचेको खेतीयोग्य जमिन पनि केही वर्षमै सकिने अवस्थामा छ ।

रूपन्देहीमा बसाइँ-सराइ दर उच्च छ । माओवादी द्वन्द्व सुरु भएयता बसाइँ-सराइ बढेको छ । प्लटिङ र घरजग्गा कारोबार भने शान्ति प्रक्रियापछि उकासिएको छ । बैंकले

घर/जग्गामा लगानी दिन कडाइ गरेपछि ४ वर्षअघि केही सुस्ताएको घर/जग्गा कारोबार दोस्रो संविधानसभापछि पुनः बढेको थियो। गत वर्ष बैङ्कले कडाइ गर्न खोजे पनि यहाँ खासै प्रभाव परेन। बरु आवासका लागि ठूलो क्षेत्र जमिन किनेर प्लटिङ गर्ने व्यवसायीहरू यहाँ धेरै बढे। राजधानी र पोखरामा कारोबार गर्ने समूहसमेत आएर धमाधम यहाँको जग्गा कारोबारमा हात हाले। यसले कृषिभूमि खण्डहर पार्ने र जग्गा प्लटिङ गर्ने काम रोकिएन। राज्यले जग्गा वर्गीकरण नगर्दा अहिले पनि कृषिभूमि नासिएको नासिऐ छ।

**नदीमा पुल बनाउने र सडक सञ्जालले गाउँ-सहर जोड्ने अभियानले रूपन्देहीको गाउँ-गाउँसम्म प्लटिङ बढेको हो। गाउँमा समेत पूर्वाधार विकासका ठूलठूला आयोजना बढेका छन्।**

रूपन्देहीमा पछिल्लो समय पूर्वाधार विकास तीव्ररूपमा हुँदैछ। उद्योग र व्यापार फस्टाउँदै जाँदा आर्थिक केन्द्र बन्दै गएको छ। शिक्षा र स्वास्थ्यका दृष्टिले पनि नमुना बन्दै गएको छ। यसले आवासका रूपमा समेत धेरैको आकर्षण बढेको छ। मधेसी भूमि भएर पनि यहाँ मधेस आन्दोलनको प्रभाव कममात्रै पर्‍यो। भारतीय नाकाबन्दीका समयमा पनि नाका सहजै सञ्चालन भयो। यसले पनि जग्गा कारोबार मौलाएको छ। कृषि भूमि नासिएको छ। बुद्ध जन्मस्थल लुम्बिनीको महत्व बढ्दै जानु र महत्वअनुसार विकास योजना पर्नु यहाँको कृषि भूमि नासिने अर्को कारण हो।

भैरहवामा अन्तर्राष्ट्रिय गौतमबुद्ध विमानस्थल र विशेष आर्थिक क्षेत्र सेज स्थापना हुनुले पनि धेरैको आकर्षण रूपन्देहीमा भएको छ। मोतिपुरमा औद्योगिक करिडोर बन्न सुरु हुनु, बुटवलमा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र र तिलोत्तमामा सरकारी मेडिकल कलेज बन्ने प्रक्रियाले पनि यहाँको जग्गाप्रतिको आकर्षण बढ्दो छ। उद्योगधन्दा र व्यवसाय सञ्चालनका लागि धेरै घरानियाँ व्यवसायीले जग्गा किनेका छन्। छिमेकी जिल्लाहरूको तुलनामा रूपन्देही सामाजिक सद्भावमा समेत धेरै अगाडि छ। यसैले पनि यहाँ घरजग्गा जोड्न मानिस आकर्षित छन्। फलस्वरूप खेतीयोग्य जमिन नै मासिने गरेको छ।

नदीमा पुल बनाउने र सडक सञ्जालले गाउँ-सहर जोड्ने अभियानले रूपन्देहीको गाउँ-गाउँसम्म प्लटिङ बढेको हो। गाउँमा समेत पूर्वाधार विकासका ठूलठूला आयोजना बढेका छन्। शैक्षिक संस्था, अस्पताल र कलकारखाना वृद्धिले राजमार्गभन्दा टाढाका क्षेत्रमा समेत खेतीयोग्य भूमि मास्ने र घर/जग्गा कारोबार गर्ने काम बढेको छ। राज्यले कृषि, आवास र औद्योगिक भूमि नछुट्याउँदा कृषि भूमि धमाधम मासिएको हो।

कुन भूमि कृषि हो, कुन आवास हो भनेर राज्यले तत्काल छुट्याउनुपर्छ। यसले मात्रै कृषि भूमि जोगिन्छ। सही ठाउँमा आवास र औद्योगिक भूमि हुनुपर्छ, नत्र व्यवसायीले आफूखुसी मनपरेको जग्गा मासेर प्लटिङ गर्छन्। कृषि भूमिलाई क्षत्विक्षत् पार्छन्। रूपन्देहीमा जस्तै समस्या मधेसका अन्य जिल्लामा पनि छ। अन्नको भण्डार मधेसमा कृषिभूमि नै नरहे कहाँ खेती गर्ने ? खेती नै नगरे के खाने ? यसैले तत्काल भूमि वर्गीकरण गरेर कृषिभूमि जोगाउने अभियान थालिनुपर्छ। सहरीकरण र औद्योगिकीकरणको अर्थ कृषि भूमिको नष्ट होइन। कृषिप्रधान देशले यसलाई प्रमाणित गर्नुपर्छ। ✿

साभार : १६ कात्तिक २०७४, कान्तिपुर

जो गरिब थिए, जो भूमिहीन थिए, जो सुकुमबासी थिए। उनीहरूको घर बन्ने कुनै सुरसार भएको छैन। उनीहरूको बास अझै पनि टहरोमुनिछ। जो पहिला बसिरहेको जग्गा छाडेर सुरक्षित स्थानमा गएर बसेका थिए उनीहरू अन्योलमा थिए। भूकम्पबाट प्रभावित व्यक्तिको नाउँमा जग्गा दर्ता गर्नेसम्बन्धी कार्यविधि २०७३ जेठ १७ गते प्रकाशन भयो। तर त्यसबारे भूकम्पपीडितलाई केही थाहा थिएन। भूमि अधिकार मञ्चले त्यस राजपत्रका आधारमा गाउँभूमि अधिकार मञ्चहरूमा सचेतना शिविर राखी सबैलाई यसबारे सचेत गरेको थियो। गाउँघरमा वडा मुचुल्का, निवेदन लेखिदिने व्यक्ति पनि नपाएपछि भूमि अधिकार मञ्चले सामान्य लेखपढ गर्न जान्ने मान्छेले भरेर तयार पार्न सक्ने फारमहरू कानुनविद्को सहयोगमा तयार पार्‍यो। र, उक्त फारम गाउँ गाउँ पुर्‍याएपछि जग्गा नहुनेलाई जग्गा दर्ता गर्नका लागि निवेदन तयार पार्न सहज भएको थियो। जनप्रतिनिधि नयाँ थिए। उनीहरूले कसरी के भनेर सिफारिस गर्ने भन्ने अन्योल थियो।

नयाँ जनप्रतिनिधिलाई यस्तोबेहोरा भएको सिफारिस गर्नूस् भनेर ढाँचा पठायौँ। कार्यविधिमा भनिएको थियो- जग्गा दर्ताका लागि कुनै शुल्क नलाग्ने। तर भूकम्पबाट प्रभावित किसानलाईसदरमुकाम चौतारा आएर जग्गा दर्ता समितिमा निवेदन पेश गर्न बाध्य गराइयो। भूमि अधिकार मञ्चले स्थानीय तहमै दर्ता गर्नका लागि तत्कालीन सचिव र नगर प्रमुखलाई दबाब दियो। मेलम्ची नगरपालिकामा निवेदन पेशका लागि ताला बन्द गर्नुपर्ने अवस्थासमेत आएको थियो। किनकि उनीहरू कमजोर वर्गको काम गर्न चाहँदैनथे। मञ्चको सहयोगमा ४८९ परिवारको निवेदन नगरपालिकामा दर्ता भयो। जबकि उनीहरू चौतारा आएर दर्ता गर्दा प्रतिपरिवार २ हजार रुपियाँ लाग्थ्यो। मञ्चको दबाबमा निवेदन दर्ता गर्नमात्र लाग्ने ९ लाख ७८ हजार



माधव ढकाल

# जग्गा दर्ता अभियान र मञ्चको प्रयास

यसरीजोगियो । मञ्चको प्रयासमा जिल्लाभर ११२५ भूकम्पबाट प्रभावित व्यक्तिको नाउँमा जग्गा दर्ताको माग गर्दै निवेदन दर्ता भयो ।

काम गर्ने कालु मकै खाने भालु भनेझैँ वास्तविक लाभग्राहीले पाउनुपर्ने फाइदा अर्कैले लिने अवस्था सिर्जना गरियो । जग्गा दर्ताको निवेदन लिएर आउने किसानसँग लेखापढी गर्नेहरूले प्रतिनिवेदन २ हजारदेखि ४ हजारसम्मलिए । मोही बाँडफाँटसम्बन्धी निवेदन पेश गर्दा उनीहरूले किउल गाविस वडा नं. ४ बस्ने यागर तामाङसँग ४ हजार लिएछन् । साहू र मोहीलाई मिलापत्र गरेर हेलम्बुबाट पठाइएको मोही बाँडफाँट गर्दा ४० हजार लिएछन् । हामीले प्रमाण खोज्यौँ तर लिखित आधिकारिक प्रमाण फेला पार्न सकेनौँ । यसबारे मञ्चमा छलफल गर्‍यौँ र मालपोत कार्यालयमै बसेर काम गर्ने हिसाबले मालपोतसँग कुराकानी गर्‍यौँ । त्यसपछि स्वयम्सेवक भएर बिहान ७ देखि ९ र बेलुका ५ देखि ८ बजेसम्म काम गर्‍यौँ । हामीले यसरी दुःख गरेर पेश गरेको सिम्पालकाभ्रेको गुठीको कम्प्युटर लिखित निवेदन मालपोत कार्यालयमा लेखनदासका लागिसमेत कमाइखाने बाटो भएछ ।

लेखनदासहरू पनि अलि टाठाबाठासँग जोगिएर कुरा गर्दारहेछन् । कमजोर देखेपछिचाहिँ निकै हेप्ने र धेरै पैसा माग्ने । भूमि अधिकार मञ्चले ती कमजोर वर्गको लेखापढी गरिदिएपछि यस्ता लेखनदास रिसाए पनि । अहिले देशैभर जग्गा दर्ता र मोही बाँडफाँट गर्नुपर्ने जुन प्रक्रिया छ, हामीलाई थाहा भयो कि जसले पैसा लिएर मालपोत कार्यालयमा जान्छ उसको काम प्रमाण नपुगे पनि चाँडो हुन्छ । जो सिधा,गरिब छ, उसलाई भनेविभिन्न कानुनी बाधा देखाएर पन्छाइन्छ । अर्थात सबैभन्दा बढी शोषण उनीहरूमाथि नै गरिन्छ । यसको समाधान भनेको आगामी दिनमा मालपोत र नापी कार्यालयमा कमजोर वर्गका लागि सहायता कक्ष(हेल्पडेस्क) राख्नुमात्र हुनेछ । नत्र मञ्चलेभूमिहीन किसानका लागि जति सघाए पनिउनीहरू ठगिने क्रम नरोकिने रहेछ । यस क्रममा सिन्धुपाल्चोक मञ्चका तर्फबाट भएका केही काम यसप्रकार छन् ः

- जिल्ला मालपोत कार्यालयमा भूकम्प प्रभावित व्यक्तिका नाउँमा जग्गा दर्ताका लागि पेश भएका निवेदनको फाइलहरूमा प्रमाण पुगे/नपुगेको रुजु गर्ने काम भयो । भूमि अधिकार मञ्चको सहयोगमा मात्र ११२५ निवेदन पेश भएका थिए । यस क्रममा मञ्चका तर्फबाट पातली थामी, माधव ढकाल, शिव सापकोटा र विना रोक्काले सघाएका थिए । अहिलेसम्म फटकशीलाको ४७४, सिम्पालकाभ्रे ३२, घिमीघ्याङ ४५, भोटनाम्लाङ २३ गरी ५३३ वटा निवेदनको रोक्का,मोठ,सरकारी,सार्वजनिक के हो ? छुट्याएर कम्प्युटरमा अभिलेख गरी त्यसको १ प्रति मालपोत कार्यालयलाई पनि बुझाएका छौँ । मालपोतसँग भएको छलफलअनुसार अब किउलको छिमीघ्याङ गुठी,सम्पालकाभ्रेको छहरेघ्याङ गुठी र थौथलीको त्रिपुरासुन्दरी गुठीको फिल्डबुकमा उल्लेख भएबमोजिम सबै कित्ता पुर्जा बन्ने निश्चितजस्तै भएको छ ।
- मालपोत कार्यालयसँग समन्वय गर्दा पहिला जग्गा दर्ता समितिबाट पुर्जा दिने निर्णय भएको तर प्रमाणहरू अपुग भएर बसेका नवलपुरका मेघनिधि काफ् लेलगायतले लालपुर्जा बनाएर आवास पुनर्निर्माणसमेत गरेका छन् ।
- कतिपय मोहीलाई आफू प्रमाण भएको मोही हो कि होइन भन्ने थाहा नै थिएन । नापी कार्यालयबाट भूमि अधिकार मञ्चले फिल्डबुकको तथ्याङ्क उतार गरेर दर्ता भएका मोहीको विवरण गाउँ भूमि अधिकार मञ्चमार्फत लिएर एकिन गरेपछि मोहियानी बाँडफाँटका लागि ३४५ वटा निवेदन पेश भएको छ ।
- मालपोत कार्यालयबाट जग्गाधनीलाई पठाइने १५ दिने म्याद भूमि अधिकार मञ्चले तयार पारेर मञ्च र मालपोत कार्यालयले संयुक्तरूपमा जग्गाधनीलाई पठाइयो । यसबाट किसानले लेखापढीका लागि दिनुपर्ने खर्च जोगियो ।
- स्थानीय तह र जनप्रतिनिधिसँगआफ्नो गाउँपालिका तथा नगरपालिकामा कुन वडामा कति सुकुमबासी छन् भन्ने तथ्याङ्क नभएर यसको काम अगाडि बढिरहेको थिएन । मञ्चसँग भएको सुकुमबासीको तथ्याङ्क जनप्रतिनिधिलाई दिइएपछि सुकुमबासीका लागि जग्गा खोज्ने र सिफारिस गर्ने काम भएको छ ।
- हेलम्बु, नवलपुर र बाहूबीसेमा सुकुमबासीको भेला राखेर जग्गा दर्ता र जग्गा खरिद प्रक्रियाबारे सचेत गरेकाले वडा कार्यालयमार्फत राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला समन्वय समितिमा सुकुमबासीको निवेदन पेश गर्न सहजीकरण भयो ।

## चिया खेती सिकाइ भ्रमण



१० देखि १३ नोभेम्बर, २०१७ मा चिया खेती सिकाइ भ्रमण भयो। हेलम्बु गाउँपालिका वडा नं. १, हेलम्बुमा गरिँदै आएको चिया खेतीलाई दिगोरूपमा व्यवस्थित र व्यावसायिक बनाउने र दिगो कृषि प्रवर्द्धन गर्नका लागि जमिनको उपयोग र उत्पादित वस्तुको बजारबारे ज्ञान हासिल गर्ने र सम्बन्ध बढाउने उद्देश्यले गरिएको चिया खेती सिकाइ भ्रमणमा हेलम्बुमा १६ महिलासहित २६ जनाको सहभागिता थियो। चिया खेती सिकाइ भ्रमणका क्रममा कन्याम चिया बगानको अवलोकन, कन्याम चिया सहकारी संस्थासँग छलफल र चिया उद्योग अवलोकन गरियो।

इलाम र कन्यामको चिया अवलोकन गरी किसानसँग छलफल गर्दा कामदार र मालिक आफैँ (किसान) भएकाले किसानको आम्दानी राम्रो भएको अनुभूति हुन्थ्यो। किसानहरू चियाखेतीमा लगानी गर्दा आम्दानी बढेकाले खुसी थिए। सिकाइ भ्रमणका क्रममा केन्द्रीय चिया सहकारी सङ्घ लिमिटेड नेपालका अध्यक्ष गोविन्द दाहालसँग छलफल भयो। उनले चिया खेती सुरु गर्दा कम्तीमा पनि १ हजारबाट एउटा किसानले सुरु गरी व्यावसायिक बनाउन सुझाव दिएका थिए।

उनले चिया खेतीसँगै किसानले चिया सहकारी बनाइ सङ्घमा दर्ता गराउन पनि सुझाव दिए। त्यसका लागि केन्द्रीय चिया सहकारी सङ्घले आवश्यक सहयोग पुऱ्याउने आश्वासन पनि दिए। साथै छलफलमा चियाको काँटछाँट, बजार, प्रशोधन, रोग/कीरा र हावापानीको विषयमा सहभागीलाई जानकारी गराएका थिए। चिया खेती सिकाइ भ्रमणका क्रममा चिया पत्ती टिप्ने तरिका र समयका विषयमा किसानसँग छलफल गरिएको थियो। चिया खेती सिकाइ भ्रमणपश्चात वडा कार्यालयसँग छलफल गरी चिया प्रशोधन मेसिन ल्याउने र नर्सरी व्यवस्थापनलाई सहयोग पुऱ्याउने निर्णय भएको छ।


## जग्गा खरिद अनुदानका लागि निवेदन पेश



सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको सहजीकरणमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट गरिएको भूगर्भ अध्ययनपश्चात असुरक्षित क्षेत्रभनी किटान गरिएको र अन्यत्र आवास निर्माणका लागि सुरक्षित जग्गा नभएका परिवारको आवास निर्माणका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला समन्वय समिति चौतारामा निवेदन पेश गरियो। हेलम्बु गाउँपालिका वडा नं. १ चिउरी खर्कका १८ घरधुरी र वडा नं. २ चित्रेका २० गरी ३८ घरधुरीसँग छलफल गरी जग्गा खरिदका लागि कित्तासहितको वडा कार्यालयबाट सिफारिस लिई निवेदन तयार गरिएको हो।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले भूकम्पपश्चात असुरक्षित स्थानमा बसोबास गरेका तथा विस्थापित परिवारको आवास निर्माणका लागि कतै जग्गा नभएकाले जग्गा खरिदका लागि प्रतिपरिवार रु. २ लाखको अनुदान दिने निर्णयपश्चात हेलम्बु गाउँपालिकासँगको समन्वयमा तत्क्षेत्रमा भूगर्भ अध्ययन गरिएको थियो। उक्त अध्ययनपश्चात समुदायसँग एकीकृत बस्ती तथा आवास निर्माणका लागि पटकपटक छलफल गरी जग्गा उपलब्ध नभएपश्चात स्थानीय व्यक्तिकै जग्गा खरिद गरेर आवास निर्माण गर्ने सहमतिअनुसार जग्गा खरिद अनुदानका लागि निवेदन पेश गर्न सहजीकरण गरेको थियो।

# महिला हिंसा अन्त्यका लागि १६ दिने अभियान






७ डिसेम्बर, २०१७ मा महिला हिंसा अन्त्यका लागि १६ दिने अभियानअन्तर्गत नवसिर्जनशील किशोरी समूहको आयोजनामा घरदैलो कार्यक्रम भयो । 'लैङ्गिक हिंसा अन्त्यका लागि सबै जुटौँ, कोही नछुटौँ' भन्ने मूल नारासहित गाउँघरमा लैङ्गिक हिंसाविरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरियो । महिला तथा बालिकामाथि हुने हिंसा प्रतिकारका लागि एकजुट गराई सक्षम बनाउने उद्देश्यले किशोरीहरूले कार्यक्रम आयोजना गरेका थिए । लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानमा सहर बजारमा केन्द्रित कार्यक्रमहरू सञ्चालन भए तापनि गाउँघर तथा कुनाकाप्चामा रहेका महिलामा यस विषयमा कम जानकारी हुने र यही समूह बढीपीडित हुने भएकाले घरदैलो कार्यक्रम सञ्चालन भएको थियो ।

समूहद्वारा मेलम्ची नगरपालिका वडा नं.६ तालामाराङको चाँपाबोट र मानेभञ्ज्याङका ३३ घरमा घरदैलो कार्यक्रम गरी समुदायका महिला र पुरुषसँग लैङ्गिक हिंसाको विषयमा छलफल गरिएको थियो । किशोरीहरूद्वारा सचेतना सन्देश सिर्जनात्मकतवरले प्रस्तुत गर्नका लागि नाटक तथा गीतका माध्यमबाट समुदायमा जानकारी गराइयो । घरदैलो कार्यक्रममा लैङ्गिक हिंसा अन्त्यका लागि भूमिमा महिलाको स्वामित्व कायम गराउँदा मद्दत पुग्ने भएको हुँदा छलफलमा सहभागी ५१ जोडीद्वारा संयुक्त लालपुर्जा बनाउन पुर्जा सङ्कलन गरेका छन् । किशोरी समूहले घरदैलो कार्यक्रमपश्चात समुदायमा लैङ्गिक हिंसा अन्त्यका लागि नियमित छलफल तथा कार्यक्रम सञ्चालन गर्ने योजना बनाएका छन् । घरदैलो कार्यक्रममा १२ जना किशोरी र समुदायका २ सयभन्दा बढी व्यक्तिबीच छलफल गरिएको थियो ।

त्यस्तै ९ डिसेम्बर, २०१७ मा हेलम्बु गाउँपालिका वडा नं. ४ का सयपत्री महिला समूह र वडा नं. ७ का महाकालेश्वरी महिला समूहका सदस्यले लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानअन्तर्गत सचेतना र्‍याली गरेका छन् । इचोकको महाकाल र गैँडाटारबाट र्‍याली गरी चनौटेमा लैङ्गिक हिंसाका विषयमा छलफल गरेका थिए । छलफलमा महिलाले आफ्नो तहबाट परिवारभित्रबाट हुने लैङ्गिक हिंसा अन्त्यका लागि आफूहरूले खेलेका भूमिकाबारे छलफलमा प्रस्तुत गरेका थिए । 'घर परिवारमा हाम्रो भर, हिंसामुक्त हाम्रो घर' भन्ने नारासहित र्‍यालीमा आएका उनीहरूले लैङ्गिक हिंसा अन्त्य गर्ने काम आ-आफ्नो परिवारबाट सुरु गर्ने बताएका थिए । र्‍याली तथा छलफलमा ९१ जना महिला किसानको सहभागिता थियो ।

## संयुक्त लालपुर्जासम्बन्धी अभिमुखीकरण



सक्रिय महिला सहकारी समूहका सदस्यहरूलाई संयुक्त लालपुर्जा निर्माण गर्न प्रोत्साहन तथा सहयोगका लागि ६ डिसेम्बर २०१७ मा संयुक्त पुर्जा निर्माणसम्बन्धी अभिमुखीकरण भयो । जिल्ला भूमि अधिकार मञ्च सिन्धुपाल्चोकसँगको साझेदारीमा गरिएको अभिमुखीकरणमा संयुक्त लालपुर्जा बनाउँदाका फाइदा र आवश्यक प्रक्रियाबारे सहभागीलाई जानकारी गराइएको थियो । महिला हिंसा अन्त्यका लागि १६ दिने अभियानको सन्दर्भ पारेर गरिएको छलफलमा समूहका ३७ जोडीद्वारा संयुक्त पुर्जा निर्माणका लागि पुर्जा सङ्कलनसहित परिवारमा छलफल गर्ने योजना बनाएअनुसार ६ जोडीले परिवारमा छलफल गरी पुर्जा सङ्कलन गरेका छन् । अभिमुखीकरणमा ४१ जना महिलाको सहभागिता थियो ।

# बलियो बन्दै बाँकी गाउँ भूमिअधिकार मञ्च



साविक गङ्गापरस्पुर-८ (हाल गढवा गाउँपालिका ५) मा बाँकी गाउँ भूमि अधिकार मञ्च छ। यो २०६२ जेठमा गठन भएको हो। मञ्चमा छुट कमैया, सुकुमबासी र ऐलानी जग्गामा बसोबास गरेका परिवारआबद्ध छन्। मञ्चमा १९ महिला र १ पुरुष गरी २० जना सदस्य सङ्गाठित छन्। सङ्गठन गठन भएपछि भूमि सिकाइ केन्द्र सञ्चालन भयो। भूमि सिकाइ केन्द्रमा बोल्न लगाउने, आफ्नो परिचय दिन लगाउने, खरानीमा लेख्न लगाउने, अक्षर चिन्न लगाउने जस्ता शिक्षण सिकाइ भएपछि सामान्य लेखपढ गर्न जान्ने भएका छन्।

भूमिअधिकार मञ्चमा लाग्नुको मुख्य उद्देश्य नम्बरी जग्गा नभएका कारण ऐलानी जग्गा करिब ३-१० कठ्ठासम्म जग्गाको लालपुर्जा पाउनेमात्र थियो। तर हाल भने उनीहरू भूमि अधिकारसम्बन्धी तालिम, धर्ना, र्‍याली, सभामा सहभागी हुँदै जाँदा भूमि अधिकारबारे बुझाइ फराकिलो भएको बताउँछन्। र, आर्थिक सुधार भएको पनि बताएका छन्। ऐलानीमा बसेकालाई अन्यहरूले हेर्ने दृष्टिकोण फरक हुन थालेको छ र विकासका कार्यसमेत हुन थालेका छन्।

## ऐलानी जग्गाको आधार प्रमाणपत्र

जिल्ला भूमिअधिकार मञ्चले गाविसबाट ऐलानी जग्गाको आधार प्रमाणपत्र लिने अभियान थालेको थियो। साविक गङ्गापरस्पुर गाविसबाट आधार प्रमाणपत्र अभियान सफल भएपछि गाउँ मञ्चका १५ जना सदस्य ३ कठ्ठादेखि १० कठ्ठासम्म जग्गाको आधार प्रमाणपत्र लिन सफल भएका छन्। उच्चस्तरीय वन सुदृढीकरण आयोगबाट ३ जना सदस्यले अस्थायी पुर्जा पाएका थिए। २०६६ सालमा बनेको आयोगबाट ५/५ कठ्ठाको लालपुर्जा पाएका छन्। ‘आधार प्रमाणपत्र पाएपछि ढुक्क भएर बस्न पाएका छौँ। पहिले ऐलानी जग्गामा बस्ने भनेर हेप्ने गर्थे तर अहिले त्यसो भन्न छाडेका छन्। विकासका कार्यक्रम हाम्रो बस्तीमा आउन दिएका थिएनन्। बिजुली बत्ती, बाटो दिन मान्दैनथे। अहिले बत्ती पनि बाल्न सकेका छौँ। यसवर्ष त झन् बाँकी गाउँ भूमिअधिकार मञ्च रहेको ऐलानी बस्तीमा बाटो ग्राबेल हुँदैछ। उक्त ग्राबेलका लागि१ लाख रुपियाँ बजेट विनियोजन भएको छ’- उपभोक्ता समितिकी सदस्यतथा बाँकी गाउँ भूमिअधिकार मञ्चकी अध्यक्ष प्रेमदैया चौधरी भन्छिन्।

## ऐलानी जग्गाको उपयोग

गाउँको नजिकै रहेको ऐलानी करिब ८ कठ्ठा जग्गा ६ जना महिलाले २०६७ सालदेखि बाँडेर उपयोग गर्दै आएका छन्। जसमा तरकारी खेती, धान खेती गरी प्रतिव्यक्ति वार्षिक १५ हजार रुपियाँदेखि २० हजारसम्म आम्दानी लिन सफल भएका छन्। जिल्ला भूमि अधिकार मञ्चबाट मौसमी तथा बेमौसमी तरकारी खेती गर्नका लागि डिप बोरिङका लागि ३० हजार रुपियाँ सहयोग गरेको थियो। उक्त डिप बोरिङ सम्पन्न गर्नका लागि प्रतिपरिवार१ हजार रुपियाँका दरले ८ हजार रुपियाँ तथा श्रमदान गरेर सिँचाइको व्यवस्था गरेका छन्।

## आफ्नै सहकारी

जिल्ला भूमिअधिकार मञ्चले भूमि अधिकारबाट वञ्चितहरूको आफ्नै मञ्जरी महिला कृषि सरकारी २०६९ आषाढ १ मा गठन गरेका छन्। जिल्ला भूमि अधिकार मञ्चबाट महिला सहकारी गठनका लागि ४० हजार रुपियाँ सहयोग गरेको थियो। बाँकी गाउँ मञ्चका २० जना सदस्यले सेयर लिएका छन्। सहकारीबाट बचत जम्मा गर्छन् र ऋण लगानी गर्छन्। सहकारीलाई स्वान संस्थाबाट १० वटा प्लास्टिक कुर्सी र २ वटा स्टिल दराज सहयोग गरिएको छ। सहकारीमा १८२ जना सेयर सदस्य छन्। मासिक १०० रुपियाँ जम्मा पनि गर्छन्। अहिलेसम्म ९,३३,२०० रुपियाँ जम्मा भएको छ। ऋण लगानी गर्दा १ जनालाई १० हजारसम्म १.५ प्रतिशत ब्याज तिर्नेगरी ऋण दिइने नियम छ। यही कारण कुनै समस्या पर्दा जमिनदार तथा बाहिरका संस्थाबाट ऋण लिनुपरेको छैन।




## बाँझो जग्गामा वृक्षरोपण

गाउँ भूमि अधिकार मञ्चले गाउँनजिकै उत्तरतर्फ रहेको खोलाले छाडेको ऐलानी करिब १ विगाह जग्गामा २०६८ सालमा वृक्षरोपण गरेका छन् । इलाका वन कार्यालयबाट सिसौ, जमुना, सिमल र सिरिसको बेर्ना उपलब्ध गराएको थियो । बेर्ना ढुवानीका लागि जिल्ला भूमि अधिकार मञ्चले ५ हजार रुपियाँ सहयोग गरेको थियो । उक्त वृक्षरोपणबाट बस्ती संरक्षणमा सहयोग पुगेको छ । वृक्षरोपण गरिएको १ विगाह जग्गाबाट यसवर्ष गाउँ भूमि अधिकार मञ्चका सदस्य खर बिक्री गरेर २४ हजार रुपियाँ आम्दानी लिन सफल भएका छन् ।

## च्याउ खेतीका लागि घर

भूमि अधिकार मञ्चबाट च्याउ खेती गर्न २०७० सालमा घर बनाउन १५ हजार रुपियाँ सहयोग गरेको थियो । जसमा सङ्गठनको लगानीसमेत गरेर १ कोठे पक्की घर बनाएका छन् । जसमा गाउँ मञ्चका १४ जना सदस्य २ समूह बनाएर पालैपालो च्याउ खेती गर्छन् । जसबाट प्रतिव्यक्ति वार्षिक २ हजारदेखि ३ हजार रुपियाँसम्म आम्दानी लिन सफल हुँदै आएका छन् ।

## आफ्नै भूमिघर

भूमिघर निर्माणको लागि जिल्ला भूमि अधिकार मञ्चबाट छानोका लागि जस्तापाता खरिद गर्न रु.२५ हजार सहयोग गरेको थियो । भवानी सामुदायिक वनबाट निःशुल्क काठ उपलब्ध भएको थियो । सङ्गठनका सदस्यको जनश्रमदान गरी १लाख २१ हजार रुपियाँको लगातमा भूमि घर बन्यो । भूमि घर बनेपछि गाउँ मञ्चको बैठक बस्न तथाजिल्ला मञ्चको तालिम तथा गाउँमा विवाह भएको समयमा बस्नका लागि उपयोगमा आएको छ । मञ्जरी महिला कृषि सहकारी संस्थाको कार्यालयका रूपमा पनि भूमिघर उपयोग हुँदै आएको छ । भूमि घरका लागि वडा अध्यक्ष प्रकाश भण्डारीले २ कोठे स्थायी चर्पी बनाइदिने आश्वासन दिएका छन् ।

## आन्दोलन कोष


बाँकी गाउँ भूमिअधिकार मञ्च गठन भएपछि भूमि अधिकार आन्दोलनका लागि आन्दोलन कोष सङ्कलन हुन थालेकोछ । सुरुका वर्षमा प्रतिमहिना क्रमशः ५,१०,२० रुपियाँ गर्दै अहिले ५० रुपियाँ सङ्कलन गर्दै आएका छन् । हाल आन्दोलन कोषमा १ लाख ४८ हजार रुपियाँ जम्मा भइसकेको छ । यही कारण सङ्गठनका सदस्यलाई अन्यत्रबाट ऋण लिनुपरेको छैन । त्यही बचतबाट १ प्रतिशत ब्याजदरमा ऋण लिने गरेका छन् ।

## सूचना

यो पत्रिका तपाईंलाई कस्तो लाग्यो ? तपाईंले पनि भूमिअधिकार वा यो विषयसँग सम्बन्धित केही लेख्नुभएको छ ? तपाईंका गाउँठाउँमा पनि भूमिसम्बन्धी समस्या छन् ? हामीलाई पठाउनुहोस् । छोटा, मीठा र स्तरीय तथा गाउँघरका समस्याले प्राथमिकता पाउने छन् । तपाईंले पठाएको सामग्रीसँग सम्बन्धित तस्बिर छन् भने त झनै राम्रो ।

**पठाउने ठेगाना :**
**सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको कार्यालय,**
**भूमिघर टोखा नगरपालिका-७, धापासी, काठमाडौं ।**
**फोन** : ०१-४३६०४८६
**इमेल** :
landrights@csrcnepal.org

## कृषिमा युवाको सहभागिता विषयक अन्तर्क्रिया



सुनकोशी गाउँपालिका वडा नं. ८ च्यानाम चिउरिडाँडामा २०७४ मङ्सिर ४ गतेका दिन कृषिमा युवाको सहभागिता विषयक अन्तर्क्रियाकार्यक्रम सम्पन्न भयो। जिल्ला भूमि अधिकार मञ्च ओखलढुङ्गाको आयोजनामा भएको कार्यक्रमबाट युवाहरू कृषि पेशामा संलग्न नहुनुको कारण खोजी गरी तत्काल खेती गर्ने सामूहिक योजना तयार गरियो।

सुनकोशी गाउँपालिका-८ का वडा सदस्य प्रेमबहादुर थापा र सुशीला श्रेष्ठ, राजनीतिक दलका प्रतिनिधि, वैदेशिक रोजगारीमा गएका परिवारका सदस्य, जिल्ला मञ्चका पदाधिकारी तथा कार्यकर्ताले युवाहरू कृषि पेशामा संलग्न नहुनुको कारणबारे छलफल गरे। खेती गर्ने किसानसँग जग्गा नहुनु, सिँचाइ, मल, बीउ र औजार उपलब्ध नहुनु, उत्पादित वस्तुको न्यायोचित मूल्य र बजार नहुनु। ठाउँअनुसारको भन्दा देखासिकीको खेती गर्नु, उत्पादित वस्तुहरू प्रचारप्रसार नहुनु र कृषि पेशाको सम्मान र भविष्यको सुरक्षा नहुनु नै यसको कारण भएको ठहर भयो। कृषिप्रधान मुलुकमा कृषि पेशाप्रतिको निराशा डरलाग्दो सङ्केत भएको भन्दैयसलाई हटाउन तत्काल वडा अध्यक्षहरू, गाउँपालिका प्रमुख र स्थानीय बुद्धिजीवीसँग बसी सहकार्य गर्ने निर्णय पनि भएको छ। साथै बाँझो जग्गाको तथ्याङ्क सङ्कलन गर्ने। विदेश गएर आएका किसानको तथ्याङ्क सङ्कलन गर्ने र उनीहरूसँग बसी योजना बनाउने, सहयोगी दाताहरू खोजी गर्ने अनि वडा कार्यालय र गाउँपालिकामा प्रतिनिधिमण्डल जाने योजना पनि उनीहरूले बनाएका छन्।

कार्यक्रममा सहभागी वडा सदस्य प्रेमबहादुर थापा र सुशीला श्रेष्ठले भूमि अधिकार मञ्चले उठान गरेको कृषिमा युवाको सहभागिता विषय निकै महत्वपूर्ण भन्दै योजना वडा कार्यालय र गाउँपालिकासम्म ल्याए कार्यान्वयनमा सहयोग गर्ने आश्वासन दिएका थिए। कार्यक्रममा वैदेशिक रोजगारीबाट फर्केका युवाले सुनाएका वेदना र उनीहरूका परिवारले यसरी जान पर्नुबारे बताएका कारणले माहौल रसिलो बनेको थियो। कार्यक्रममा वैदेशिक रोजगारीमा छोरा पठाएकी रणमाया कटुवाल, कृष्णमाया नेपाली, श्रीमान् पठाएकी तिलकुमारी परियार र बालकुमारी परियारले विदेशमा भोग्नुपरेको पीडा र स्वदेशमा समाजका मानिसले हेर्नेदृष्टिकोण प्रस्तुत गरेका थिए।

तीलमायाले १ लाख रुपियाँ २ प्रतिशत ब्याजमा लिएर पठाएकी थिइन्। तर ९०० तलव दिने भनिएकामा ३०० मात्र दिएको सुनाएकी थिइन्। त्यसैगरी कृष्णमायाले छोराको हात भाँच्चिएपछि उल्टै यहाँबाट पैसा पठाएर छोरा फर्काएको दुःखद् घटना सुनाएकी थिइन् भने बालकुमारीले ९ महिनासम्म काम नदिएको र घर आउन पनि नदिएपछि फर्काउनका लागि श्रीमतीको मृत्यु भएको बहाना बनाउनुपरेको दुखेसो व्यक्त गरेकी थिइन्। यस कार्यक्रममा भूमि अधिकार मञ्चका जिल्ला अध्यक्ष अमृत बस्नेतले उद्देश्य, संयोजक शान्तिनाथ अधिकारीले योजना निर्माण र अभियान अधिकृत पूर्ण सुनारले सहजीकरण गरेका थिए। कार्यक्रममा दलित महिला १०, पुरुष २, जनजाति महिला ५, पुरुष १, अन्य महिला ६ र पुरुष ९ गरी ३३ जनाको सहभागिता थियो।

## भूमि पाठशालाबारे छलफल

२७ अक्टोबर, २०१७ मा जिल्ला भूमि अधिकार मञ्च, सिन्धुपाल्चोक र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले २०१७ मा पुनर्निर्माणमा भूमिको सवालमा गरेको मुख्य अभियान र त्यसबाट भएका उपलब्धिको लेखाजोखा गरियो।

जिल्ला भूमि अधिकार मञ्च र आत्मनिर्भर केन्द्रका कार्यकर्ताको सहभागितामा गरिएको लेखाजोखामा आवास निर्माणमा सम्झौता छुट सुकुमबासी, गुठीपीडित किसानको आवास निर्माणका लागि सम्झौता, विस्थापित समुदायका लागि भुगर्भ अध्ययन, मोही जग्गा बाँडफाँटका लागि निवेदन पेश र अधिकार प्राप्ति तथा सुकुमबासीको आवास निर्माणका लागि जग्गा खोजीका प्रमुख उपलब्धिको लेखाजोखा गरी त्यसको प्रक्रियाका विषयमा छलफल गरियो। स्थानीय तहको नयाँ संरचना र निर्वाचित जनप्रतिनिधि आएपश्चात उनीहरूसँगको समन्वयमा गरिएका क्रियाकलाप र त्यसका प्रक्रियाका विषयमा छलफल गरी सिकाइ आदान-प्रदान गरियो।

# भूमि र सरोकारवालाको भूमिका विषयक कार्यक्रम




सिरहाको गोलबजार नगरपालिका-३ स्थितव्यापारी अतिथि सदनमा २०७४ मङ्सिर २ गतेभूमि अधिकारबाट वञ्चितहरूको सवाल र स्थानीय सरोकारवालाको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो।

कार्यक्रम गोलबजार नगरपालिकाका सुकुमवासी भूमिहीनलाई बसोबास आधार प्रमाणपत्र दिने, संयुक्त पुर्जाको नीति कार्यान्वयन गर्न बजेट छुट्याउने, बाँझो जग्गा पहिचान गरी सुकुमवासीलाई उपयोग गर्न दिने, कृषि मजदुरको कम्तीमा ज्याला प्रतिदिन ५०० रुपियाँ बनाउने, गोलबजार-२ तितरियाका १४ परिवारलाई जग्गा धनी सुमन आलेले उठिबास गराउन खोजेकामा रोक्ने र जनता आवासको घर बनाउने विषयमा केन्द्रित थियो। मेयर देवनाथ साहको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा वडा अध्यक्ष, दलका प्रतिनिधिहरूबाट यी सवालमा काम गर्ने प्रतिबद्धता जनाइएपछि सबै खुसी भएका थिए।

शिवस्वरूप आलेका छोरा सुमनलेआफूहरूलाई जग्गा किनेको ३५ वर्षपछि आएर हटाउन खोजेको उनका हरूवासमेत बसेका दुखावा सदाले गुनासो गरेका थिए। उनको कुरा सुनेपछि वडा अध्यक्ष लक्ष्मण शाहले दुखवाको गुनासो सही भन्दैयस विषयलाई गम्भीरपूर्वक लिने बताए। जनता आवासले दिएको ४ वटा घर निर्माण गर्न सहयोग गर्ने पनि उनले बताए। लक्ष्मी सदाले कृषि मजदूरको ज्याला प्रतिदिन प्रतिव्यक्ति २५० रुपियाँमात्र भएकाले बढाउन माग गरिन्। चार किल्ला खुलाइ वडा कार्यालयको लेटरप्याडमा आधार प्रमाणपत्र दिनुपर्ने पीडितको जिज्ञासामा ३ नं. वडाका अध्यक्ष धनप्रसाद लामाले नगरपालिकाको बैठक बसेर छिटै कार्यान्वयन गर्ने र प्रस्ताव आएमा संयुक्त पुर्जाका लागि बजेट छुट्याउने बताए। सुकुमबासी बुधमाया बिकले भेदा खोला किनारमा लगभग ४ विगाहा बाँझो तर गौचरण भनेर उपयोगहीन जग्गा राखेको बताइन्।

बुदमायाको गुनासोपछि नेपाली कङ्ग्रेसका नगर अध्यक्ष लालबुबा शाहले सुकुमवासी भूमिहीनहरूको जीविकोपार्जनका लागि उक्त जग्गाभाडामा दिन सकिने बताएका थिए। कार्यक्रममा दलित महिला सङ्घकी केन्द्रीय उपाध्यक्ष शान्ति पासवान, १३ नं. वडा अध्यक्ष लक्ष्मीसिंह कोइरी, स्थानीय पत्रकार निर्मला दाह, आकासगङ्गा एफएम सहसञ्चालक सन्जय यादव, केएर नेपालका क्षेत्रीय अधिकृत रहमत हुसेन र प्रमुख अतिथि देवनाथ साहले जिल्ला भूमि अधिकार मञ्चसँग मिलेर काम गर्ने प्रतिबद्धता जाहेर गरेका थिए।

# संयुक्त लालपुर्जा छलफल

जिल्ला भूमि अधिकार मञ्च, बर्दियाको पहलमा भूमिमा महिला अधिकारका लागि संयुक्त लालपुर्जा विषयक छलफल तथा अभिमुखीकरण कार्यक्रम भएको छ। बर्दियाको बारबर्दिया नगरपालिका वडा नं. ११ अकलघरवा र जब्दी गाउँ, बाँसगढी नगरपालिका वडा नं. ६ दमौली तथा मोतीपुर, वडा नं.७ गौरीपारा गाउँ, गुलरिया नगरपालिका वडा नं.४ बगही गाउँ र बढैया ताल गाउँपालिका वडा नं.७फूलपुरमा गरी ६ वटा समुदायमा संयुक्त लालपुर्जा बिषयक छलफल तथा अभिमुखीकरण सम्पन्न भएको छ।

छलफल तथा अभिमुखीकरण कार्यक्रममा गाउँका बडघर, समाजसेवी, बुद्धिजीवी, स्वयम्सेविका, वडा अध्यक्ष, वडा सदस्य, सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष, सदस्य, पति-पत्नी जोडी र अगुवालगायत थुप्रै महिला/पुरुषको सहभागिता थियो।

कार्यक्रममा जिल्ला भूमि अधिकार मञ्च बर्दियाका संयोजक होमेन्द्र थापाले संयुक्त लालपुर्जाको नीति, प्रक्रिया र महत्वबारे जानकारी तथा सहजीकरण गरेका थिए। ३ नगरपालिका र १ गाउँपालिकाको ७ वटा समुदायमा संयुक्त लालपुर्जा विषयक छलफल तथा अभिमुखीकरण कार्यक्रम भयो। उक्त कार्यक्रमबाट ३८२ जना सहभागीलाई संयुक्त लालपुर्जाको नीति, प्रक्रिया र महत्वबारे जानकारी तथा अभिमुखीकरण भएको छ। ८४ जोडीले संयुक्त लालपुर्जा बनाउँछौं भनी प्रतिबद्धता गरी नाम टिपाएका छन्।

कार्यक्रमपश्चात ३४ जोडीले संयुक्त लालपुर्जा बनाइसकेका पनि छन्। अन्य जोडी



पनि संयुक्त लालपुर्जा बनाउने तयारीमा प्रमाण जुटाउँदैछन्। र, कार्यक्रममा सहभागी गाउँका बडघर, समाजसेवी, बुद्धिजीवी, स्वयम्सेविका, वडा अध्यक्ष, वडा सदस्य, सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष, सदस्यलगायतले यसरी संयुक्त लालपुर्जा बनाउने अभियान राम्रो हो भन्दैयसका लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता पनि जाहेर गरेका छन्।

## सुकुमवासी खबरदारी सभा




जिल्ला भूमि अधिकार मञ्च सर्लाहीको आयोजनामा सुरक्षित बास र खाद्य सुरक्षा अधिकारका लागि भूमि अधिकार सभा वाग्मती सिँचाइ आयोजनाको चौरमा सम्पन्न भयो। जिल्ला भूमि अधिकार मञ्च सर्लाहीका अध्यक्ष जीतबहादुर गोलेको अध्यक्षतामा भएको उक्त सभाका प्रमुख अतिथि राष्ट्रिय भूमि अधिकार मञ्च नेपालका महासचिव सरस्वती सुब्बा थिइन्। २०७४ कात्तिक २९ गते भएको उक्त सभाको उद्देश्य जिल्ला भूमि अधिकार मञ्च सर्लाहीका संयोजक मदनबहादुर विश्वकर्माले राखेका थिए। सभामा प्रदेश नं. २ का प्रतिनिधि सभाका वाम गठबन्धनका उम्मेदवार क्षेत्र नं. ३ कका डिल्ली उप्रेती र नेपाली कङ्ग्रेसका प्रतिनिधि सभा क्षेत्र नं. ३ का हरेश महतो, राष्ट्रिय भूमि अधिकार मञ्च नेपालका केन्द्रीय सदस्य फौदसिं स्याङ्वा, सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका आशा घतानी, सामुदायिक वन महासङ्घ सर्लाहीका अध्यक्ष उत्तरकुमार मैनालीलगायत जिल्लास्तरीय नेताहरूको सहभागिता थियो।

भूमि अधिकारबाट वञ्चितहरू भूमिहीन, सुकुमवासी र साना किसान गरी ३००० जनाको सहभागिता रहेको उक्त सभामा सुकुमवासी, मोही र सागरनाथ परियोजनाको खाली जमिनमा बस्दै आएकाहरूले आआफ्नै पीडाराखेका थिए। यसै क्रममा जनशक्ति गाउँ भूमि अधिकार मञ्च, वाग्मती-५ की सदस्य वेलकुमारी लुङ्गेलीले आफू सुकुमवासी भएर जीवन जीउनुपरेको र ३ पुस्तादेखि नै जमिन नभएकाले पाउनुसम्म दुःख पाएको धारणा राखेकी थिइन्। परियोजनाको जग्गामा किन घर बनाएको भनेर उल्टै भएकोएउटा छाप्रोसमेत भत्काउँदाको उनको पीडाले सबैलाई भावविह्वल बनाएको थियो।

चन्द्रनगर गाउँपालिका स्थित मोही किसान रामचन्द्र कापरले मोही रहँदाको अवस्थाका कुरा राखेका थिए। सबैका पीडा/वेदना सुनिरहेका अतिथिहरूले हामी नेता भएको यस्तै समस्या समाधानका लागि होभन्दै उनीहरूलाई धैर्य गर्न आग्रह गरेका थिए। सबैजसो वक्ताले आफूहरू सुकुमबासी र भूमिहीनका समस्या समाधानका लागि सक्रिय हुने प्रतिबद्धता त्यस क्रममा जारी गरेका थिए।

## निर्वाचित जनप्रतिनिधिसँग संवाद तथा अभिनन्दन कार्यक्रम



जिल्ला भूमि अधिकार मञ्च महोत्तरी र गाउँ भूमि अधिकार मञ्च खयरमारा, किसाननगर र लक्ष्मीनियाँको संयुक्त पहलमा जनप्रतिनिधिहरूसँग संवाद र अभिनन्दन कार्यक्रम सम्पन्न भयो। सदियौंदेखि भूमिसँग जोडिएको अन्याय, उत्पीडन, शोषण र विभेद जस्ता कुरीति अन्त्य गराउन, यसबारे ध्यानाकर्षण गराउन, पीडितमाझ जवाफदेही र प्रतिबद्ध गराउने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको हो।

यो कार्यक्रम २२, २७ र २८ कात्तिकमा क्रमशः खयरमाराको संयुक्त वडा कार्यालय (ब.न.पा. १० र ११), किसाननगरको चारघरे भूमि अधिकार मञ्चको भूमिघर (ब.न.पा. ६) र लक्ष्मीनियाँको (गौ.न.पा. ११) वडा कार्यालयमा भएको थियो। कार्यक्रम सफल बनाउनका लागि गाउँ मञ्चका अगुवा, पूर्णकालीन कार्यकर्ता, जिल्ला मञ्च पदाधिकारी परिचालन भई जनप्रतिनिधि, वडा सचिव, दलका प्रतिनिधिहरूलाई सहभागी गराउन सूचना प्रवाह र समन्वयको भूमिका निर्वाह गरेका थिए। फलस्वरूप कार्यक्रम उपलब्धिमूलक बन्न पुग्यो। त्यसैगरी खयरमाराका वडा नं. १० र ११ का अध्यक्ष धनलाल श्रेष्ठ र धनबहादुर तामाङ तथा सदस्य ८ जना र वडा सचिव जीवनहरि पोखरेल अनि नम्बरीनाथ आचार्यसहित १२ जनालाई अबिर फूलमालाले अभिनन्दन गरियो। मन्तव्यका क्रममा प्रतिनिधिहरूले आफू जनप्रतिनिधि नभएको समयमा पनि भूमि अधिकार अभियान र अधिकारको पाटोमा सहयोग गर्दै आइरहेकाले अब पनि त्यो जारी रहने आश्वासन दिएका थिए।

## शब्द तस्बिर




भूमि अधिकार आन्दोलनमा सहभागी भई संयुक्त पूर्जा बनाएका जोडीहरुको तस्वीर ।